# हेटौंडा नगरपालिका कार्यालय

## वार्षिक प्रतिवेदन

आ.ब.२०६७०६८

प्रतिवेदन सूचना श्रोत

**वार्षिक समिक्षा कार्यक्रम**

२४ श्रावण २०६८

प्रतिवेदन सम्पादन तथा प्रस्तुति

**सूचना तथा अभिलेख शाखा**

**हेटौंडा नगरपालिका कार्यालय**

## १ पृष्ठभूमि :

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ अन्तर्गत नगरपालिकाहरुलाई स्थानीय सरकारको रुपमा बिभिन्न प्रशासनिक तथा बित्तीय अधिकारहरु निक्षेपण गरिएको छ भने सोही अनुसार पूर्वाधार बिकास तथा अन्य सामाजिक तथा आर्थिक बिकास लगायत बिबिध क्षेत्रसंग सम्बन्धित जिम्मेवारीहरु पनि निक्षेपण गरिएको अवस्था छ । यस आधारमा हेर्दा नगरपालिकाहरु एकातिर स्थानीय सुशासन प्रर्वद्धनका लागि कानून कार्यान्वयन गर्ने निकाय (Law Executing Agency) को रुपमा काम गरिरहेका छन भने शहरी सेवा सुविधाहरुको उत्पादन तथा वितरणको दृष्टिकोणबाट हेर्दा नगरपालिकाहरु एक सेवा प्रदायक संस्था (Service Providing Agency) को रुपमा जिम्मेवारी वहन गरिरहेको अवस्था छ । त्यसैगरी सिमित श्रोत साधनको अत्याधिक परिचालनबाट नगरवासीहरुको असिमित मागलाइ सम्वोधन गर्न आन्तरिक तथा वाह्य श्रोत साधन समेत परिचालनको हिसावले हेर्ने हो भने नगरपालिकाहरु सहजकर्ताको भूमिका (Facilitating Role) निर्वाह गरिरहेको देखिन्छ भने आन्तरिक तथा वाह्य क्षेत्रबाट प्रवाह गरिएको शहरी सेवा सुविधाको अनुगमन गर्ने निकायको रुपमा (Monitoring Role) भूमिका समेत निर्वाह गरिरहेको अवस्था छ ।

बिश्व परिवेशमा आएको परिर्वतन बिशेषत उदारिकरण, भूमण्डलीकरण, जलवायु परिवर्तनका साथै बिश्व व्यापार संगठनमा नेपालको प्रवेश जस्ता बिषयहरुले एकातिर राष्ट्रियस्तरमा हुने नीति निर्माणलाई प्रभावित गरिरहेको छ जसको प्रत्यक्ष वा परोक्ष असर स्थानीय निकायहरु पनि प्रभावित भइरहेको अवस्था छ । यसको ज्वलन्त उदाहरणका रुपमा बिश्व व्यापार संगठनको सदस्यको हैसियतमा खुल्ला व्यापार नीति अन्तर्गत आगामी सन २०११ को जनवरी देखि स्थानीय बिकास शुल्क खारेज गर्नु पर्ने वाध्यात्मक व्यवस्था भएतापनि नेपाल सरकारले चालु आ.व.२०६६।०६७ को बजेट वक्तव्य मार्फत नगरपालिकाहरुको मूख्य आयश्रोतको रुपमा रहेको स्थानीय बिकास शुल्क खारेज गरिएको अवस्थालाई लिन सकिन्छ । त्यसै गरी स्थानीय निकायहरुलाई सहयोग गरिरहेका दातृ निकायहरुको सहयोग नीतिमा समेत आमूल परिवर्तन भई एकद्धार प्रणाली अन्तर्गत सहयोग गर्ने अभ्यासको थालनी भइसकेको अवस्था छ जसको ज्वलन्त उदाहरणको रुपमा नेपाल सरकारको अगुवाईमा नेपालमा कार्यरत बिभिन्न १५ दातृ निकायहरुको सहभागितामा गत साल देखि कार्यान्वयनमा आएको स्थानीय सुशासन तथा समुदाय बिकास कार्यक्रम Local Governance and Community Development Programme LGCDP लाई लिन सकिन्छ । त्यसै गरी स्थानीय निकायहरुको संस्थागत तथा कार्यसम्पादन स्तरलाई मापन गर्ने प्रयोजनका लागि आ.व.२०६४।०६५ देखि नेपाल सरकारले अभ्यासमा ल्याएको न्युनतम शर्त तथा कार्यसम्पादन मापन Minimum Condition and Performance Measurers MCPM स्तरको आधारमा केन्द्रिय सरकारबाट उपलव्ध गराइने श्रोत साधनलाई आवद्ध गर्ने नीतिले पनि नगरपालिकाहरुको बिकास व्यवस्थापनसंग सम्बन्धित सवालहरु जस्तै सहभागितात्मक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, सार्वजनिक तथा सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई जस्ता पक्षहरु अत्यन्त संवेदनशील ढंगबाट अगाडी आएका छन भने बित्तीय व्यवस्थापनसंग सम्बन्धित सवालहरु जस्तै राजश्व प्रक्षेपणका संभाव्यता अध्ययन, अनुमानित बजेट र यथार्थ अवस्था विचका भिन्नता, लेखा व्यवस्थापन तथा लेखाको गुणस्तरका आर्थिक तथा सामाजिक बिकास तर्फ आदीवासी, जनजाति, दलित, महिला, वालवालिका, अपा□,

पिछडिएका वर्ग तथा अन्य लक्षित वर्ग लक्षित कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयनको अवस्थाका साथै आन्तरिक व्यवस्थापन तर्फ संस्थागत संरचना, जनशक्ति, पारदर्शिता, सूचना व्यवस्थापन, प्रविधिको उपयोगको अवस्था, आवधिक समिक्षा तथा पुनयोजना जस्ता बिषयहरुमा नगरपालिकाको संस्थागत क्षमता तथा कार्यसम्पादनस्तरलाई सापेक्ष ढंगबाट समिक्षा गर्न र सोही बमोजिम योजनावद्ध ढंगबाट अगाडी बढ्न निर्देशित गरिरहेको अवस्था छ ।

यसै क्रममा मिति २०६७ साल असार ४ गते सम्पन्न भएको १५ औं नगरपरिषदबाट स्वीकृत आ.व. २०६७।०६८ को नीति, कार्यक्रम तथा बजेट र निर्धारण गरिएका क्षेत्रगत लक्ष्य प्राप्तीका लागि संचालनमा आएका कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनको अवस्था, प्रगति स्तर, जनसहभागिताको अवस्था, कार्यान्वयनका लागि भएको प्रयाशहरु, कार्यक्रमको गुणस्तरीयता एवम् पारदर्शीता र ती कार्यक्रम तथा आयोजनाहरुमा सेवाग्राही र सरोकारवाला नगरवासीहरुको सहभागिता तथा अपनत्वको भावना, कार्यक्रमले लक्षित वर्गमा पर्न गरएको प्रभाव, दलित, जनजाती महिला, आदिवासी लगायतका लक्षित वर्ग उत्थान तथा विकास कार्यक्रमहरु जस्ता विषयहरुसंग सम्बन्धित उपलब्धि, चुनौती, अवसर र आगामी आ.व.मा अवलम्बन गरिनु पर्ने सुधारका सवालहरु सम्बन्धमा सघन रुपमा समिक्षा गरी आगामी दिनमा विकास व्यवस्थापन, सेवा व्यवस्थापन, श्रोत परिचालन तथा गुणस्तर सुधार जस्ता विषयमा कर्मचारीवर्ग, राजनीतिक संयन्त्र, बिषयगत निकाय, पेशागत संघसंस्था, नागरिक समाज तथा अन्य सरोकार निकायहरु समेतबाट प्राप्त भएका सुझावहरुको आधारमा आगामी दिनहरुमा सुधार गर्दै लाने परम्पराको निरन्तरताको रुपमा २०६८ साल श्रावण २४ गते नगरपालिका कार्यालयको सभाकक्षमा आयोजना गरिएको वार्षिक प्रगति समिक्षा कार्यक्रममा प्रस्तुत गरिएका महाशाखागत प्रगति विवरणहरुको आधारमा यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।



१५ औ नगरपरिषद उद्घाटन कार्यक्रमको भफक

## २. प्रतिवेदनले समेटेका क्षेत्र तथा बिषयहरुः

यस प्रतिवेदनले मूलतः निम्न क्षेत्र तथा बिषयहरुलाई समेट्ने प्रयास गरिएको छ ।

- १५ औ नगर परिषदले पारित गरेका आ.व.२०६७।०६८ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेका लक्ष्य, प्राथमिकता, क्षेत्रगत नीति तथा कार्यक्रमहरु
- १५ औ नगर परिषदले पारित गरेका आ.व.२०६७।०६८ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेका लक्ष्य, प्राथमिकता, क्षेत्रगत नीति तथा कार्यक्रमहरुको आधारमा सम्बन्धित शाखा तथा मातहत उपशाखा एवं इकाईहरुबाट संचालन गरिएका कार्यक्रम तथा आयोजनाहरु,
- सम्पादन भएका कार्यक्रम तथा आयोजनाहरुको प्रगतिस्तर
- सम्पादन हुन नसकेका कार्यक्रम तथा आयोजनाहरु र सो को सामान्य बिबेचना
- सवल तथा दुर्वल पक्षका साथै चुनौती एवं अवसरहरु
- आगामी आ.व.का लागि सुधारका क्षेत्र तथा बिषयहरु सम्बन्धी सुझाव तथा प्रतिक्रिया
- निष्कर्ष तथा सुझाव

## ३. आ.व.२०६७।०६८ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेका लक्ष्य, प्राथमिकता, क्षेत्रगत नीति तथा कार्यक्रमहरु सम्बन्धी संक्षिप्त झलक

### ३.१ लक्ष्य

हेटौडा नगरपालिका तथा आसपासका शहरोन्मुख गा.वि.स.हरुमा भइरहेको शहरीकरणको प्रबृत्ति(Urbanization Trend) र यसबाट आधारभूत तथा अत्याधुनिक शहरी सेवा सुविधाको माग र आपूर्तिमा पर्न सक्ने नकारात्मक प्रभाव तथा चुनौतीहरुको समय सापेक्ष सम्वोधनको लागि हेटौडा नगरपालिकाले अगाडी सारेको बृहतर हेटौंडा (न्चभबतभच ज्भतबगमब) को अवधारणा अनुसार हेटौडा नगरपालिकाको बर्तमान भौगोलिक क्षेत्रलाई बिस्तार गरी सवल र सक्षम प्रशासकीय संरचना अन्तर्गत हालको हेटौडा नगरपालिकालाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रुपबाट समुन्नत, आत्मनिर्भर र स्वावलम्बी बनाई क्रमश उपमहानगरपालिका बनाउने ।




### ३.२ उद्देश्यः

स्थानीय सरकारको रुपमा नगरपालिकाको सक्षम तथा दुरदृष्टिपूर्ण नेतृत्वमा सरकारी तथा गैरसरकारी क्षेत्र, निजी क्षेत्र एवं समुदाय सहितको संयुक्त सहभागितामा उपलव्ध श्रोत साधनहरुको समुचित परिचालन गरी आर्थिक तथा सामाजिक असमानतालाई कम गर्दै शहरी सुशासन एवं पारदर्शिता कायम गरी समानुपातिक एवं समावेसी विकासको अवधारणा बमोजिम नगरपालिकाको पूर्वाधार विकासको साथै शहरी वातावरण सुधारका लागि सामाजिक क्षेत्रमा लगानी बृद्धि गरेर लक्षित वर्गका लागि बिशेष कार्यक्रमहरु मार्फत र आर्थिक तथा सामाजिक उन्नतिमा पहुंच बृद्धि गर्न गरिवी न्यूनिकरणका

कार्यक्रमहरु संचालन गर्ने र नगरपालिकालाई संस्थागत रुपमा एक सवल, सक्षम एवं आत्मनिर्भर बनाउदै लैजाने आ.व.२०६७/०६८ को नीति तथा कार्यक्रमको मुख्य उद्धेश्य हुनेछ ।

**३.३ प्राथमिकता**

उपरोक्त उद्देश्य प्राप्तीका लागि नगरपालिकाबाट निम्न बमोजिमको प्राथमिकताको आधारमा विषयगत र क्षेत्रगत नीति, कार्यक्रम तर्जुमा गरिनेछ ।

१. नगरपालिकाको बर्तमान योजना पद्धतिमा परिमार्जन गरी दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसंग सामन्जष्य हुने गरी आवधिक योजना सहितको गुरु योजना र अन्य विषयगत तथा क्षेत्रगत योजनाहरुको तर्जुमा गर्ने,

२. बित्तीय बिकेन्द्रिकरणको भावना अनुसार नगरपालिकाले लगाउन र उठाउन पाउने कर तथा गैरकर राजश्वका वृहत क्षेत्रहरुको पहिचान, संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसंगको सहकार्य, राजश्व सम्बन्धी सूचना तथा तथ्यांकको बैज्ञानिक अभिलेखिकरण र आन्तरिक तथा बाह्य राजस्वका नयां श्रोतहरुको पहिचान र उपलब्ध श्रोतहरुको अधिकतम परिचालन गर्ने,

३. शहरी आधारभूत सेवाहरु जस्तै सडक यातायात संजाल विकास, विस्तार एवं स्तरोन्नती, फुटपाथ सुधार, बिद्युत बिस्तार तथा स्तरोन्नती, संचार, खानेपानी, ढल निकास, सरसफाई एवं वातावरण सन्तुलन र बिकास, सिंचाइ तथा खहरे नियन्त्रण गर्ने,

४ महिला, वालवालिका, अशक्त अपांग, दलित, आदिवासी, जनजाती, पिछडिएका वर्ग र अति गरीव तथा सिमान्तकृत समुदायको विकास,

५. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका स्थानीय सरकार, स्थानीय निकायसंग सम्बन्धित संघसंस्थाहरुसंग भातृत्वपूर्ण सम्बन्ध बिकास तथा बिस्तार गर्ने,

६. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, संचालन तथा व्यवस्थापनसंग सम्बन्धित सूचना तथा तथ्यांकहरुलाई सूचना प्रविधिको अधिकतम उपयोग गरी नगरपालिका सूचना प्रणाली (Municipal Information System MIS) मा आवद्ध गर्ने,

७. नगरपालिका तथा सरोकारवालाहरुको संस्थागत क्षमता सुदृढिकरणका लागि नगर क्षमता बिकास योजना कार्यान्वयन,

८. शिक्षा, संस्कृति, भाषा, साहित्य एवं खेलकुदको योजनाबद्ध बिकास,

९. पर्यटन क्षेत्रको विकासमा सहकार्य

१०. समुदायमा आधारित टोल विकास संस्थाहरु र अन्य सहयोगी संघसंस्थाहरुको सशक्तिकरण

११. क्रमागत योजनाहरुको संचालन ।

**३.४ क्षेत्रगत नीति तथा कार्यक्रम सम्बन्धी सक्षिप्त झलकः**

आ.व.२०६७०६८ को बार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दिर्घकालिन लक्ष्य, उद्देश्य तथा प्राथमिकता क्षेत्रहरुका अतिरिक्त देशले अंगिकार गरेको सहश्राब्दी विकास लक्ष्य, त्रि-वर्षीय योजना, राष्ट्रिय योजना आयोगको मार्ग निर्देशन, स्थानीय विकास मन्त्रालयको नीति निर्देशन, नेपाल मानव विकास प्रतिवेदन र मकवानपुर जिल्ला विकास समितिको आवधिक जिल्ला विकास योजना समेतलाई आधारको रुपमा स्वीकार गरिएको छ । यसका साथै प्रचलित स्थानीय स्वायत्त शासन ऐन नियम तथा अन्य कानून बमोजिम क्रियाशील समिति, कार्यदल, बिषयगत संघसंस्थाहरुबाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरुको आधारमा देहायका क्षेत्रगत नीति तथा कार्यक्रमहरु संचालन ल्याउने प्रस्ताव गरिएको छ ।

### ३.४.१ शहरी विकास तथा भौतिक पूर्वाधार नीति तथा कार्यक्रमः

१। बृहतर हेटौंडा (Greater Hetauda) को अवधारणा अनुसार हेटौडा तथा आसपासका नगरोन्मुख गा.वि.स.हरु समेतको एकिकृत एवं दीर्घकालिन विकासको लागि विषयगत तथा क्षेत्रगत विशेषज्ञहरुको सहयोगमा बृहत हेटौडाको गुरु योजना (Mater plan) तर्जुमा गर्ने, सोही आधारमा पञ्चवर्षीय आवधिक नगर विकास योजना तथा अन्य विषयगत तथा क्षेत्रगत कार्ययोजना तर्जुमा गरी लागु गरिनेछ । यसका लागि नगरपालिकासंग सिमा जोडिएका शहरोन्मुख गा.वि.स.हरुमा भइरहेको शहरीकरण तथा पूर्वाधार विकासलाई व्यवस्थित गर्न जि.वि.स.मकवानपुर, सम्बन्धित गा.वि.स.हरुका वीच सहकार्यमा नमुना परियोजनाको थालनी गर्ने र तत्कालको लागि आवश्यकता र औचित्यताको आधारमा लागि गा.वि.स.हरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।

२। शहरी योजना तर्जुमा तथा व्यवस्थापन, पूर्व तथा बिस्तृत संभाव्यता अध्ययनको लागि भवन तथा प्रविधि अनुसन्धान र शहरी बिकाससंग प्रत्यक्ष सरोकार राख्ने सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय तथा सहकार्य गरिनेछ ।

३। स्थानीय विकास मन्त्रालय मार्फत परिचालन हुने जगेडा कोष, स्थानीय ग्रामिण तथा कृषि सडक आयोजना र सडक वोर्ड नेपाल र अन्य निकाय समेतबाट प्राप्त हुने अनुदान रकम अन्तर्गत संचालन हुने कार्यक्रमहरुको कार्यान्वयनमा तिव्रता ल्याउन उपभोक्ता समितिहरुलाई सवल र सक्षम बनाउने कार्यक्रम संचालन गरिनेछ ।

४। नगरपालिका क्षेत्रमा संचालन गरिने पूर्वाधार वा सामाजिक बिकाससंग सम्बन्धित कुनै पनि कार्यक्रम वा परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा संचालन व्यवस्थापन चरणहरुमा सामाजिक सूरक्षा, वातावरणीय सन्तुलन (Social and Environment Safeguard SEMS) तथा प्रकोप व्यवस्थापन पक्ष (Disaster Management plan DMP) समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

५। नगरपालिका क्षेत्रभित्रका व्यापारिक क्षेत्र, आवासीय क्षेत्र, निजी क्षेत्रबाट बिकास गरिएका (प्लटिङ्ग) क्षेत्रहरुमा भौतिक तथा सामाजिक बिकासका कार्यक्रमहरु संचालन गर्दा लाभग्राहीवर्गको स्वामित्व र जिम्मेवारी प्रर्वद्धन गर्न साविकको लागत सहभागिता नीतिमा समसामयिक परिमार्जन गरी भू उपयोगको आधारमा न्यायोचित लागत सहभागिताको नीति कार्यान्वयनमा ल्याइनेछ भने आयोजना सम्पन्न भए पश्चात संचालन तथा व्यवस्थापन सम्बन्धी जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिहरुलाई नै हस्तान्तरण गर्ने नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

६। हाल नगरपालिका क्षेत्रमा कंक्रिट सडक, कालोपत्रे सडक जस्ता आयोजनाहरुको माग अत्याधिक रुपमा भइरहेको सन्दर्भमा व्यापारिक, आवासीय तथा अन्य क्षेत्रमा सडक सम्बन्धी आयोजना संचालन गर्दा त्यस्तो सडकको दायांवाया रहेका जमिनमध्ये ५० प्रतिशत कम घरहरु निर्माण भएको क्षेत्रलाई कम प्राथमिकता सूचिमा राखी कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

७। नगरपालिकाबाट निर्माण भएका र भविष्यमा हुने पूर्वाधार संरचना तथा कार्यालयको स्वामित्वमा रहेको यान्त्रिक उपकरणहरुको मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि छुट्टै मर्मत सम्भार कोष निर्देशिका तर्जुमा गरी पूर्वाधार संरचना तथा यान्त्रिक उपकरणहरुको मर्मत सम्भार सम्बन्धी कामलाई व्यवस्थित गरिनेछ।

८। सुरक्षित आवासको लागि भवन तथा योजना मापदण्ड सम्बन्धी निर्देशिकाको प्रभावकारी कार्यान्वयनमा जोड दिने र बृहतर हेटौडाको अवधारणा अनुसार नगरक्षेत्रभित्र निर्माण हुने संरचनाहरुमा भुकम्पीय जोखिम न्यून गर्न राष्ट्रिय भवन संहिता (NATIONAL BUILDING CODE) का आधारभूत व्यवस्थाहरु क्रमशः लागू गर्ने र भविष्यमा बिस्तार हुन सक्ने आसपासका गा.वि.स.हरुमा समेत कार्यान्वयनका लागि सहजिकरण गरिनेछ।

९। शहरी आधारभूत सेवा तथा सुविधाको उत्पादन, वितरण तथा व्यवस्थापनमा सावजनिक निजी साझेदारी Public Private Partnership PPP अवधारणा प्रर्वद्धन गर्न संचालनमा रहेका साझेदारी परियोजनाहरुमा आवश्यकता र औचित्यताको आधारमा सहयोग गर्न साझेदारी परियोजनाको कारण नगरपालिकालाई भएको प्रत्यक्ष र अप्रत्यक्ष रुपमा भएको आम्दानी वा बचतबाट निश्चित रकम नगरपालिकाको सा.नि.सा.बिकास कोष Public Private Partnership Development Fund (PPPDF) राखी सोही कोष मार्फत सहयोग गर्ने नीतिलाई थप प्रभावकारी बनाइनेछ।

१०। नगरपालिकाबाट संचालन हुने पूर्वाधार बिकास कार्यक्रमहरुमा सरोकारवालाहरुबाट लेखाजोखा हुने पद्धति प्रवर्द्धन गर्न नेपाल सरकारले जारी गरेको सार्वजनिक परीक्षण कार्यविधि, २०६३ **बमोजिम** कार्यस्थलमा नै सार्वजनिक तथा सामाजिक लेखा परिक्षण गर्ने अभ्यासलाई थप प्रभावकारी बनाइनेछ।

११। नगरक्षेत्रभित्र प्रयोगमा रहेका सडकहरुको सार्वजनिक लगत कट्टा गर्ने कार्यलाई यो बर्ष पनि अभियानको रुपमा निरन्तरता दिइनेछ।

१२। नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति (जग्गा) तथा सार्वजनिक सडकहरुको लगत अद्यावधि तथा यसको संरक्षण तथा अधिकतम उपयोग सम्बन्धी कार्ययोजना तर्जुमा गर्न थप गृहकार्य गरिनेछ।

१३। नगरक्षेत्रको सडक संजालमा सवै नगरवासीहरुको पहुंच बढाउन आवश्यकता र औचित्यको आधारमा नयां सडकको निर्माण र भएका सडकहरुको स्तरोन्नती गरिनेछ।

१४। TCN क्षेत्रको वांकी जग्गा, राप्ती नदी उकास जग्गा, रोपवेले चर्चेको सरकारी जग्गा लगायत अन्य सार्वजनिक जग्गा नगरपालिकाको अधिनमा ल्याउन पहल गर्ने।

१५। नगरक्षेत्रभित्र बढ्दै गएको कंक्रिट सडक प्रतिको आकर्षण पर्यावरणीय तथा आर्थिक दृष्टिकोण समेतबाट उपयुक्त नदेखिएकोले यसको बैकल्पिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्ने नीतिलाई यस बर्ष पनि निरन्तता दिइनेछ।

१६। शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत संचालित विभिन्न योजनाहरु स्वीकृत कार्ययोजना अनुसार सम्पन्न गर्न थप पहल गरिनेछ ।

१७। खानेपानी व्यवस्थापन बोर्डको प्रभावकारी संचालनको लागि सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाईनेछ ।

१८। नगरक्षेत्रभित्र अव्यवस्थित रुपमा रहेको अटोमोवाइल, अटोमेकानिक्स जस्ता व्यवसायलाई व्यवस्थित गर्न सरोकारवालाहरुसंगको सहकार्यमा एकिकृत अटोल्याण्ड निर्माणको लागि बिस्तृत सम्भाव्यता अध्ययन गरी चरणगत रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१९। भौतिक तथा पूर्वाधार बिकाससंग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धी सम्पूर्ण कामहरु सम्बन्धी सूचना तथा तथ्यांक नगरपालिका सूचना प्रणाली (Municipal Information System MIS) मा आवद्ध गर्ने र आवश्यकताको आधारमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

२०। सुपरिवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई थप प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

**मूख्य मूख्य कार्यक्रमहरुः**

- गुरुयोजना तथा आवधिक योजना तर्जुमा कार्यक्रमः (अवधारणा तयारी गोष्ठी, हेटौडा बिकास परिषदको गठन, बिज्ञ बिषयगत बिज्ञ समुहको गठन, कार्ययोजना तर्जुमा, छलफल, अन्तरक्रिया, बिषयतग तथा क्षेत्रगत मस्यौदा योजना प्रस्तुती तथा अन्तिम योजना दस्तावेज स्वीकृति तथा कार्यान्वयन रणनीति तर्जुमा गर्ने कार्य ।

- स्थायी उपभोक्ता समितिहरुको संस्थागत क्षमता सुदृढिकरण कार्यक्रम ।

- मर्मत सम्भार कोष निर्देशिका तर्जुमा र कार्यान्वयन ।

- राष्ट्रिय भवन संहिता कार्यान्वयन निर्देशिका तर्जुमा तथा कार्यान्वयन ।

- सा.नि.सा.बिकास कोष Public Private Partnership Development Fund (PPPDF) को सशक्तिकरण कार्यक्रम ।

- मूख्य बजार क्षेत्र City core area को सडक तथा फुटपाथ निर्माण सुधार सहित नमुना क्षेत्र बिकास कार्यक्रम ।

- कान्तिराजपथ क्षेत्रको फुटपाथ, ढल तथा सडक सुधार कार्यक्रम ।

- TCN क्षेत्र लगायत राप्ती नदी उकास जग्गा, रोपवेले चर्चेको जग्गा लगायत अन्य सार्वजनिक जग्गा उपयोगको लागि गुरुयोजना (Master Plan) तर्जुमा कार्यक्रम ।

- राप्ती नदीको किनारैकिनार बाहिरी सडक (By Pass Road) आयोजना ।

- चक्रपथको वांकी खण्डको स्तरोन्नती तथा कज वे निर्माण ।
- अधुरो कार्यालय भवन निर्माण ।
- निर्माणाधिन City Hall को वांकी निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याउने ।
- सडक बत्ति, शहरी सेवा केन्द्र, फोहर व्यवस्थापन जस्ता सेवामा PPP अवधारणा अनुसार निजी क्षेत्रको साझेदारी प्रर्वद्धन कार्यक्रम ।
- मूख्य बजार क्षेत्रभित्रका सडकमा Road divider को व्यवस्था गरी ट्राफिक व्यवस्थापन कार्यक्रम ।
- वडा नं. ७ मा रहेको सार्वजनिक जग्गामा जिल्लास्तरीय योग सेवा केन्द्र स्थापना सम्बन्धी बिस्तृत सम्भाव्यता अध्ययन गरी चरणगत रुपमा कार्यान्वयन गर्ने ।
- राप्ती नदी उकास क्षेत्रमा अटोल्याण्ड निर्माण सम्बन्धी बिस्तृत सम्भाव्यता अध्ययन ।
- पुष्पलालपार्क र पोखरीको भौतिक सुधार कार्यक्रम ।
- प्रकोप व्यवस्थापनको लागि प्राविधिक जनशक्तिको क्षमता बिकास र कोषको व्यवस्था ।
- अन्य सरोकार निकायहरुसंग संयुक्त रुपमा संचालन गरिने कार्यक्रमहरु ।
- योजना तर्जुमा तथा पूर्वाधार संरचना निर्माण सम्बन्धी तथ्यांक तथा सूचनालाई नगरपालिका सूचना प्रणाली (Municipal Informations System MIS) मा आवद्ध गरी अद्यावधिक गर्ने ।

**३.४.२ आर्थिक प्रशासन तथा राजस्व परिचालन नीति तथा कार्यक्रम:**

१। नगरस्तरीय राजश्व परामर्श समिति तथा राजश्व प्रक्षेपण सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित सुझाव एवं सिफारिसलाई नगरपालिकाको राजश्व नीतिको आधारको रुपमा अवलम्बन गरिनेछ ।

२। नगरपालिकाको हालको लेखा प्रणालीमा परिमार्जन गरी प्रोदभावी लेखा प्रणाली (Accrual Accounting System, AAS/ Corporate Accounting System CAS) सम्बन्धी आधारभूत प्रावधानहरु चरणगत रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

३। प्रचलित कानून बमोजिम जिल्ला बिकास समिति र नगरपालिका वीचमा राजश्व वांडफांड सम्बन्धी स्पष्ट नीति तर्जुमा गरी राजश्व वांडफांड सम्बन्धी कामलाई व्यवस्थित र दिगो बनाइनेछ ।

४। साविकमा कार्यान्वयनमा रहेको घरजग्गाकर र भूमिकरलाई बिस्थापित गरी चालु आ.व. २०६६।०६७ देखि कार्यान्वयनमा ल्याएको एकिकृत सम्पत्तिकर सम्बन्धी व्यवस्थालाई समसामयिक सुधार सहित थप प्रभावकारी बनाइनेछ ।

५। प्रचलित कानून बमोजिम नगरपालिकाले लगाउन उठाउन पाउने कर तथा गैरकर राजश्व ( व्यवसायकर, बिज्ञापन कर, घरवहालकर, सवारीकर, वातावरण प्रदुषण सेवा शुल्क, सरसफाई सेवा शुल्क, सशुल्क पार्किङ्ग शुल्क आदी) संकलन गर्ने कार्यमा मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ हेटैडा लगायतका सरोकारवाला संघसंस्था, उद्यमी, व्यवसायीहरुको साझेदारीपूर्ण सहभागितालाई प्रवर्द्धन गर्ने नीतिलाई समयसापेक्ष रुपमा परिमार्जन गरी थप प्रभावकारी बनाइनेछ ।

६। बक्यौता बेरुजु एवं पेश्की फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी असुल उपर गर्नु पर्ने रकम कडाईका साथ असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

७। देशकै ठूलो हेटौडा औद्योगिक क्षेत्र बिस्तार गरी बिशेष आर्थिक क्षेत्र Special Economic Zone SEZ निर्माण गर्ने तर्फ सरोकारवालाहरुवीचको सहकार्यमा अधिकतम पहल गरिनेछ ।

८। बित्तिय व्यवस्थापनसंग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धी सम्पूर्ण सूचना तथा तथ्यांकलाई नगरपालिका सूचना प्रणाली (Municipal Informations System MIS) मा आवद्ध गर्ने र आवश्यकताको आधारमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

**मूख्य मूख्य कार्यक्रमहरुः**

- आन्तरिक राजश्व संभाव्यता अध्ययन प्रतिवेदन तथा राजश्व परामर्श समितिको सिफारिस बमोजिम गैर नेपालीहरुका लागि ५० प्रतिशत अतिरिक्तशुल्क सहित अस्थायी व्यवसाय प्रमाणपत्र जारी गर्ने, केवल नेटवर्कमाथी मनोरन्जनकर लागु गर्ने, माछा लगायत मासुजन्य पशुपंक्षी, तरकारी तथा फलफुल, प्लाष्टिकजन्य झोला तथा अन्य पदार्थमाथी प्रदुषण शुल्क लागु गर्ने, दलित र जनजाती प्रमाणीत सिफारिसमा ५० प्रतिशत छुट दिने, सिमेन्ट सिफारिसको हकमा २० वोरा सम्म न्युनतम रु. ५० र सो भन्दा बढिको हकमा प्रतिवोरा रु १ थप सेवाशुल्क लगाउने र नगरपालिकाले संकलन गर्न नसकेको क्षेत्रमा कर संकलन गर्न सहयोग गर्ने व्यक्ति वा संस्थालाई पुरष्कार प्रदान गर्ने नीतिगत कार्यक्रमहरु कार्यान्वय गर्ने ।

- एकिकृत सम्पत्तिकर सम्बन्धी निर्देशिका २०६६ लाई आवश्यकताको आधारमा परिमार्जन तथा कार्यान्वियन गर्ने कायक्रम ।

- नगरपालिकाको बर्तमान लेखा प्रणालीलाई प्रोदभावी लेखा प्रणाली (Accrual Accounting System, AAS) अन्तर्गत Corporate Accounting System CAS मा संचालन गर्न चरणबद्ध रुपमा कार्यक्रम संचालन गर्ने ।

- नगरपालिकाको स्वामित्व वा संरक्षणमा रहेको सम्पत्ति (घरजग्गा) को अधिकतम उपयोग सम्बन्धी कार्यक्रम ।

- बिशेष आर्थिक क्षेत्र Special Economic Zone SEZ निर्माण गर्ने तर्फ सरोकारवालाहरुवीच छलफल तथा अन्तरक्रिया मार्फत दवावमूलक कार्यक्रम ।

- व्यवसायकर, बिज्ञापन कर, घरवहालकर, सवारीकर, वातावरण प्रदुषण सेवा शुल्क, सरसफाई सेवा शुल्क, सशुल्क पार्किङ्ग शुल्क आदी संकलनमा साझेदारी कार्यक्रम ।

- पेश्की फछ्र्यौट गर्ने कार्यलाई थप प्रभावकारी बनाउने ।

- लेखा तथा राजश्व सम्बन्धी तथ्यांक तथा सूचनालाई नगरपालिका सूचना प्रणाली ( Municipal Informations System MIS ) मा आवद्ध गरी अद्यावधिक गर्ने ।

### ३.४.३ आर्थिक तथा सामाजिक विकास नीतिः

#### क. वातावरण, स्वास्थ्य र सरसफाई नीतिः

१। नगरपालिकाको हालको फोहर व्यवस्थापन प्रणालीमा समय सापेक्ष सुधार गर्न र थप प्रभावकारी बनाउन एकिकृत दिगो फोहर व्यवस्थापन वा समुदायमा आधारित बिकेन्द्रिकृत फोहर व्यवस्थापन नीति तर्जुमा गरी Zero Waste कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

२। ल्याण्डफिल साइट, पशुवधशालाको लागि आवश्यक जग्गा प्राप्तीको लागि नेपाल सरकारको सम्बन्धित निकायमा थप पहल गरिनेछ भने सामुदायिक कम्पोष्ट प्लान्टका अधुरो कार्य आगामी आ.व. मा सम्पन्न गरिनेछ ।

३। नगरभित्र निष्कासन हुने फोहरको अन्तिम बिसर्जन गर्ने सम्बन्धमा सम्बन्धित निकायहरुसंगको सहकार्यमा 3R (Reduce, Reuse, Recycling) अवधारणा अनुसारको नमुना क्षेत्र छनौट गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

४। वातावरण संरक्षण तथा विकास गर्न टोल विकास संस्था नगर समन्वय समिति, वातावरण सुधार समन्वय समिति लगायतका सामाजिक संघसंस्थालाई सहयोग एवम् सहकार्य गर्ने नीतिलाई थप प्रभावकारी बनाई निरन्तरता दिइने छ ।

५। फोहर व्यवस्थापनमा स्वच्छ बिकास संयन्त्र (Clean Development Mechanasim CDM) अवधारणाको माध्यमबाट यस क्षेत्रका नगरपालिकाहरुलाई दुरगामी रुपमा लाभान्वित गर्ने गराउने तर्फ सामुहिक पहल गरिनेछ ।

६। फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहभागितालाई प्रवद्धन गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप फोहर व्यवस्थापन सम्बन्धी जिम्मेवारी निजी क्षेत्रमा हस्तान्तरण गर्दै जाने नीति अंगिकार गरिनेछ ।

७। सन २०१० भित्र यस नगरलाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्ने विगत नगरपरिषदको निर्णय अनुसार घर घरमा शौचालय बनाउने अभियानमा सक्रियता पूर्वक अगाडि बढाईने छ । शौचालय नबनाउने व्यक्तिहरुलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा रोक्का गर्न सकिने नीति लिइनेछ ।

८। नगर क्षेत्रलाई प्रदुषण मुक्त क्षेत्रको रुपमा विकास गर्न प्रदुषणमुक्त सवारी साधनको संचालन गर्न प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९। वातावरणीय संरक्षण तथा प्रकोप व्यवस्थापनको क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायहरुको भूमिका प्रवर्द्धन गर्न सहकार्यको लागि **नगरस्तरीय वातावरण संरक्षण तथा प्रकोप व्यवस्थापन कोष** स्थापना गर्ने तर्फ सरोकारवालाहरु समेतको सहकार्यमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१०। नगरपालिका र बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंगको साझेदारीमा संचालित स्वास्थ्यक्षेत्रसंग सम्बन्धित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

११। नगरक्षेत्रभित्र बिक्रि बितरण गरिने सेवा वा बस्तुको गुणस्तर कायम गर्न र उपभोक्ताहरुको हित संरक्षण गर्न **नगरस्तरीय उपभोक्ता संरक्षण सरोकार समिति** गठन गर्ने तर्फ गृहकार्य गरी कार्यक्रम संचालनमा ल्याउने ।

**मूख्य मूख्य कार्यक्रमहरुः**

- एकिकृत दिगो फोहर व्यवस्थापन नीति तर्जुमा तथा Zero Waste कार्यक्रम कार्यान्वयन ।
- ल्याण्डफिल साइट निर्माणका लागि आवश्यक जग्गा प्राप्ती गर्ने कार्य ।
- UN Habitat, udle/gtz / ENPHO जस्ता संस्थाहरुको सहयोगमा संचालित सरसफाई तथा वातावरण सम्बन्धी कार्यक्रम ।
- पशुवधशाला निर्माण तथा एकिकृत मासु पसल संचालन संचालन तथा व्यवस्थापन कार्य ।
- जिल्ला ट्राफिक प्रहरीसंगको सहकार्यमा प्रेसर हर्न मुक्त क्षेत्र कार्यक्रम
- बजारको सौन्दर्य बृद्धिका लागि ट्राफिक आइल्याण्ड निर्मण कार्यक्रम ।
- साझेदारीमा पशुवधशाला निर्माण ।
- सामुदायिक कम्पोष्ट प्लान्ट निर्माण, संचालन तथा व्यवस्थापन गर्ने कार्य ।
- फोहर व्यवस्थापनमा स्वच्छ बिकास संयन्त्र (Clean Development Mechanasim CDM_ अवधारणा अनुसार क्षेत्रीय स्तरमा CDM परियोजना पहिचान गर्न साझा संयन्त्र बिकास गरी संभाव्यता अध्ययन कार्यक्रम ।
- वातावरण संरक्षण तथा प्रकोप व्यवस्थापन सम्बन्धी कार्यक्रम ।
- सशुल्क पार्किङ सम्बन्धी कार्यक्रम
- राष्ट्रिय कार्यक्रम (पोलियो थोपा, मिटामिन ए, हात्तिपाइले कार्यक्रम )
- मातृ शिसु स्वास्थ्य केन्द्र (CCDN) प्रजनन स्वास्थ्य तथा मातृशिशु क्लिनिक संचालन

- समुदायमा आधारित सरसफाई कार्यक्रम
- अन्धोपन न्युनिकरण सहयोग कार्यक्रम (तिलगंगा सामुदायिक आंखा अस्पताल)
- एच.आई.भी.एड्स बिरुद्धका सचेतना कार्यक्रम (Udle /GTZ)
- लागू औषध लगायतका दूर्व्यशन बिरुद्ध चेतनामूलक र प्रचारात्मक कार्यक्रम
- पार्थिनियम झार नियन्त्रण सम्बन्धी कार्यक्रम ।
- नगरस्तरीय उपभोक्ता संरक्षण सरोकार समिति गठन सम्बन्धी काम ।

**ख. समुदाय विकास नीतिः**

१। सामुदायिक विकास कार्यक्रम अर्न्तगत सिप तथा स्वरोजगारमूलक कार्यक्रम क्षमता अभिबृद्धि कार्यक्रमहरु नगरपालिकामा सुचिकृत भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था तथा घरेलु तथा साना उद्योग कार्यालय, CTEVT, सीप विकास तालिम केन्द्र, HOME NET जस्ता संस्थाहरुको सहकार्यमा लागत सहभागिताको आधारमा संचालन गर्ने नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

२। नगरपालिकाद्धारा संचालनमा ल्याएका समुदाय विकास संग सम्वन्धित कार्यक्रमहरु बिशेषतः आयमूलक तथा शिपमूलक तालीम र सचेतना कार्यक्रमहरुको प्रभाव मुल्यांकन प्रतिवेदनले सिफारिस गरिएका क्षेत्रमा सघन कार्यक्रमहरु तर्जुमा गरी सामाजिक संघंसंस्था तथा अन्य पेशागत निकायहरुसंगको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

३। शहरी गरिवी न्यूनिकरण कार्यक्रम तर्फ विगतका वर्षहरु देखिनै UDLE को सहयोगमा वडा नं.७/८ को किरणचोकमा संचालित लक्षित पूर्वाधार तथा आय आर्जन, सिंचाई र अन्य क्षमता अभिबृद्धि तथा स्वरोजगारमूलक कार्यक्रमहरुलाई निरन्तरता दिदै थप २४ वटा गरिब बस्तीहरुमा UN HABITAT, ENPHO, UEIP लगायतका संस्थाहरुको सहयोगमा संचालित कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४। योग शिक्षा आर्थिक तथा सामाजिक विकासको अभिन्न अंगको रुपमा अगाडी बढाउनुको साथै जडिबुटि खेती प्रवर्द्धन, बिकास, बिस्तारमा टोल संस्था लगायत अन्य सामाजिक संघसंस्थाहरुलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५। यस नगरलाई बालमैत्री नगरको रुपमा विकास गर्न निकृष्ठ बालश्रम न्यूनीकरण कार्यक्रम तथा बालश्रम न्यूनीकरण गर्ने कार्यमा CWISH, Plan Nepal /CWS जस्ता संस्थाहरुको सहकार्यलाई निरन्तरता दिईनेछ । साथै बालश्रम न्यूनीकरण गर्ने कार्यको लागि नगरपालिकाको रणनीति सहितको कार्ययोजना २०६७ चालु नगरपरिषद बाटै पारित गरि लागू गरिनेछ ।

६। टोल विकास संस्था नगर समन्वय समिति, वातावरण सुधार समन्वय समिती, महिला स्वयं सेविका तथा आमा समुहलाई समुदायको एकिकृत विकाससंग सम्बन्धित क्रियाकलापहरुमा थप

सक्रिय बनाउन ती संस्थाहरुको संस्थागत क्षमता विकास तथा कार्यक्रममा आधारित सहयोग कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

७। गाउं नगर बीचको आर्थिक सम्बन्ध बिस्तारका लागि जिल्ला कृषि बिकास कार्यालयसंगको सहकार्यमा नगरका संभाव्य क्षेत्रमा कृषि उपज बजार प्रवर्द्धन केन्द्र (Open Market ) स्थापना गर्न पहल गरिनेछ ।

८। कृषिमा आधारित पकेट क्षेत्रहरु पहिचान गरी कृषि उत्पादनका लागि कृषक तथा सो संग सरोकार राख्ने संघसंस्थाहरुसंगको सहकार्यमा सहयोगी कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

९। लागु औषध दुर्व्यसनी जस्ता कार्यको न्यूनीकरण गर्न त्यस सम्बन्धी संघ संस्थाहरुको सहकार्यमा कार्य गरिनेछ । साथै नगर एड्स समन्वय समितिलाई थप क्रियाशिल बनाईनेछ ।

१०। शहरी गरिवी न्युनिकरणका लागि नगरपालिका साझेदारी बिकास कोषको स्वीकृत बिनियमावली अनुसार टोल बिकास संस्थाहरुको स्तरीकरण गरी Wholsale Lending प्रणाली बिकास  गरिनेछ ।

**मूख्य मूख्य कार्यक्रमहरुः**

- नगरस्तरीय गैर सरकारी संस्था समन्वय समितिको गठन र कार्य संचालन निर्देशिका तर्जुमा गर्ने ।
- गरीबी न्यूनीकरणका लागि गरिव वस्तीहरुमा विविध कार्यक्रमहरु जस्तै साना पूर्वाधार सुधार कार्यक्रमहरु खानेपानी, सडक ढल निर्माण तथा सुधार, बिद्यालय निर्माण, शौचालय निर्माणसम्बन्धी कार्यक्रमहरु, शीपमूलक, आयमूलक तथा नेतृत्व बिकास सम्बन्धी तालीम कार्यक्रम ।
- ENPHO, /UN-HABITAT अन्तर्गत संचालित वातावरण, जनस्वास्थ्य र सरसफाई कार्यक्रमहरु
- कृषि उपज खरीद बिक्रिका लागि खुल्ला बजार केन्द्र Open Market संचालन गर्ने कार्यक्रम ।
- प्रांगारिक खेती प्रणालीका लागि तालीम तथा साना सिंचाइ कार्यक्रम ।
- लागुऔषध तथा एच.आइ.भी. बिरुद्ध सचेतना कार्यक्रमहरु ।
- टोल बिकास समितिहरु मार्फत स्वास्थ्यका लागि योग अभियान कार्यक्रम
- अद्यात्मिक संस्थाहरु (ब्रम्हकुरमारी राजयोग सेवा केन्द्र)लाई सहयोग कार्यक्रम ।
- वातावरण संरक्षण सम्बन्धी कार्यक्रम ।
- लिटिल डाक्टर कार्यक्रम संचालनमा सहयोग
- नमुना टोल निर्माण सम्बन्धी कार्यक्रम ।
- वास्केट फण्ड को व्यवस्था

(ग) **समावेशी विकास नीति :**

१। महिला, एक महिला, वाल वालिका, दलित, जनजाती, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशील संघसंस्थामार्फत ती वर्गको सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२। विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासको लागि ती क्षेत्रका समुदायले जुटाउनु पर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक विभेदको नीतिलाई निरन्तरता दिईनेछ ।

३। नगर क्षेत्रभित्र अनाथ बालबालिका, अपांग, सुस्त मनस्थिति, मानसिक सन्तुलन गुमाएका तथा बृद्ध बृद्धाको उचित व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सेवा केन्द्र संचालन गर्ने संघसंस्थालाई सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**मूख्य मूख्य कार्यक्रमहरुः**

- महिला, एक महिला, वाल वालिका, दलित, जनजाती, अपाङ्ग, असहायको उत्थान कार्यक्रम संचालन,
- लागत सहभागितामा साना तथा लक्षित वर्ग उत्थान पूर्वाधार बिकास कार्यक्रम ।
- असहाय, बृद्ध बृद्धाहरुका लागि Help Desk स्थापना ।

(घ) **शिक्षा, खेलकुद, साहित्य, कला र संस्कृति नीति :**

१। शिक्षा क्षेत्रमा भइरहेको नगरपालिकाको लगानीलाई व्यवस्थित र प्रभावकारी बनाउन बिद्यालय प्रतिनिधि, जि.वि.स.मकवानपुर र जिल्ला शिक्षा कार्यालय मकवानपुर लगायत अन्य दातृ निकाय एवं संघसंस्थाका प्रनिनिधिहरु सम्मिलित **नगर शिक्षा समन्वय इकाई** ले तयार गरेको नगरस्तरीय शिक्षा सम्बन्धी रणनीति २०६७ स्वीकृत गरी एकद्धार प्रणाली अन्तर्गत सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

२। नगरक्षेत्रभित्र एस.एल.सी.परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल बिद्यालय र छात्र छात्रालाई प्रदान गर्दै आएको बासुदेव स्मृति पुरस्कारलाई निरन्तरता दिइनेछ ।

३। नगरपालिका भित्र रहेको पुस्तकालयहरुको प्रभावकारी सञ्चाल गर्न सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४। नगर क्षेत्रको खेलकूद विकासका लागि आवश्यक पूर्वाधार विकास एवं सुधारका लागि जिल्ला खेलकुद समितिसंग सहकायलाई थप प्रभावकारी बनाइनेछ ।

५। साहित्य, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा बिकासका लागि सम्बन्धित सरोकारपक्षहरुसंग सहकार्यलाई निरन्तरता दिइनेछ ।

६। राज्यको चौथो अंगको रुपमा स्थापित संचार जगतलाई सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७। आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन तथा बिकासका लागि नगरस्तरीय पर्यटन बिकास समिति गठन गरी मौजुदा सम्पदाको संरक्षण, जिर्णोद्धार एवं प्रचार प्रसारमा जोड दिइनेछ ।

८। आर्थिक, सामाजिक, समुदाय बिकास, समावेसी बिकास तथा शिक्षा, खेलकुड, कला, साहित्य तथा संस्कृततिसंग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धी सम्पूर्ण तथ्यांक केन्द्रिय तथ्यांक संजाल (Centre Data Server) मा आवद्ध गर्ने र आवश्यकताको आधारमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

**मूख्य मूख्य कार्यक्रमहरुः**

- **नगर शिक्षा समन्वय इकाई** ले तयार गरेको नगरस्तरीय शिक्षा सम्बन्धी रणनीति २०६७ ले सिफारिस गरेका बिद्यालयहरुको भौतिक तथा गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम ।
- शिक्षाको गुणस्तर बृद्धिको लागि उत्कृष्ट बिद्यार्थी तथा बिद्यालयलाई पुरष्कृत गर्ने कार्यक्रम
- गृहिणी शिक्षा कार्यक्रम ।
- एस.एल.सी.को नतिजाको आधारमा पुरस्कार बितरण कार्यक्रम
- खेलकुदको पूर्वाधार बिकास र खेलकुद सामाग्री वितरण
- हु.प्र.चौर व्यवस्थापन सम्बन्धी कार्यक्रम ।
- केन्द्रिय खेलकुद प्रशिक्षण प्रतिष्ठान, गौरिटार
- पुष्पलाल पुस्तकालय लगायत अन्य पुस्तकालयको भौतिक पूर्वाधार सुधार र शैक्षिक सामाग्री सहयोग ।
- नगरपालिका सूचना प्रणाली Municipal Informations System MIS मा नियमित रुपमा तथ्यांक अद्यावधिक गर्ने ।

**३.४.४ सुशासन प्रर्वद्धन एवं संगठन विकास नीति तथा कार्यक्रमः**

१। नगरपालिकाको पहिचान प्रर्वद्धन गर्न नगरपालिकाको आफ्नै प्रतिक चिन्ह (Logo) स्विकृत गरी कार्यान्वयनमा ल्याइनेछ भने वर्तमान र भावी हेटौडाको प्रारुप (Miniature) तयारी गर्ने तर्फ पहल गरिनेछ ।

२। शहरीकरणका चुनौती तथा रणनीतिक लक्ष्य प्राप्तीका लागि नगरपालिकाको बिद्यमान कार्यबोझ र उपलव्ध जनशक्तिको आधारमा प्रस्ताव गरिएको नगरपालिकाको परिमार्जित संगठन संरचना,

शाखागत तथा व्यक्तिगत कार्यविवरण, बृत्ति बिकास सम्बन्धी सिफारिसहरुलाई कार्यान्वन गरिनेछ ।

३। जनघनत्व तथा सेवाग्राहीहरुको चापको आधारमा हालको वडा कार्यालयको संरचनालाई परिमार्जन गरी केही वडाहरुलाई Pilot project को रुपमा स्तर बृद्धि गरिनेछ र हाल केन्द्रबाट प्रवाह भइरहेको सेवालाई एकिकृत सेवा केन्द्र मार्फत सहज रुपमा प्रवाह गर्ने व्यवस्था मिलाउनेछ ।

४। नगरवासीहरुको नाममा जारी गरिएको नागरिक वडापत्रमाथी सवैको पहुंच पुग्ने कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

५। बिश्व बिद्यालय, उच्च शैक्षिक संस्था, अनुसन्धान संस्थाहरुमा कार्यरत बिज्ञहरु, शोध तथा अनुसन्धानकर्ताहरुको दक्षता नगरको दिर्घकालिन सोच, रणनीतिक योजना तर्जुमा, शहरी बिकास तथा अन्य आर्थिक सामाजिक सवालहरुमा सहभागिता प्रवर्द्धन गर्न त्यस्ता व्यक्ति, निकायहस्को सहकार्यमा उपयुक्त **नगरस्तरीय अनुसन्धान तथा बिकास संयन्त्र** (City Level R&D Mechanism) स्थापना गरी प्रस्तावित बृहत्तर हेटौंडाको अवधारणालाई कार्यान्वयन गर्न बिषयत र क्षेत्रगत सुझाव पृष्ठपोषण गर्ने व्यवस्था मिलाईनेछ ।

६। नगरपालिकाबाट उपलव्ध हुने सेवाहरु असहाय, अपांग, बृद्ध बृद्धा एवं दृष्टिविहिनहरुको लागि एकद्धार प्रणालीबाट उपलव्ध गराउने नीति लिइनेछ ।

७। नगरपालिकाबाट प्रदान गरिने सेवा सुबिधाहरुलाई कागजविहिन कार्यालयको अवधारणा (Paperless Office) तर्फ उन्मुख गराउन र सेवालाई सहज, सरल एवं मितव्ययी बनाउन बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंगको सहकार्यमा Digital Hetauda 2010 (Cyber city) को अवधारणालाई साकार पार्न बिभिन्न कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

८। नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि तथा मानवीय संसाधन विकास गतिविधिहरु एकद्धार प्रणाली अन्तर्गत संचालन गर्न  नगर क्षमता बिकास (त्रिवर्षीय) योजना २०६७ स्वीकृत गरी सिफारिस गरिएका एकिकृत क्षमता बिकास कार्यक्रमहरु चरणगत रुपमा कार्यान्वयन गरिनेछ ।

९। कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन पद्धतीलाई प्रभावकारी र बैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाइनेछ ।

१०। नगरपालिकाको वारुणयन्त्र, सरसफाई तथा अन्य जोखिमयुक्त कार्यलाई आधुनिक संयन्त्रयुक्त, सुरक्षित र थप प्रभावकारी बनाइनेछ ।

११। नगरपालिकाबाट सम्पादन हुने कामहरुलाई थप प्रभावकारी बनाउन स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम बिषयगत र क्षेत्रगत निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२। नगरपालिकाबाट सम्पादन हुने कामहरुलाई थप प्रभावकारी बनाउन स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम बिषयगत र क्षेत्रगत कोषहरु स्थापना गरी संचालनमा ल्याइनेछ ।

१३। नेपाल सरकारबाट पारित न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) निर्देशिका बमोजिमको कार्य सम्पन्न गर्न सबै शाखा, उपशाखा, तथा इकाईलाई थप प्रभावकारी बनाई परिचालन गरिनेछ ।

१४। पारदर्शीता एवं सुशासनका लागि नगरपालिकासंग सम्बन्धित सम्पूण सूचनाहरुलाई बिभिन्न संचार माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

१५। समुदायस्तरका विवादहरु समुदायस्तरबाट नै समाधानका लागि कानून अन्वेषण तथा श्रोत बिकास केन्द्र सेलर्डसंगको सहकार्यमा संचालनमा आएको समुदायमा आधारित मेलमिलाप केन्द्रलाई प्रर्वद्धन गर्न कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१६। नगरपालिकाको वार्षिक नीति, कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन सुपरिवेक्षण एवम् अनुगमन संयन्त्रको व्यवस्था गरिनेछ ।

१७। सुशासन प्रर्वद्धन तथा संस्थागत बिकाससंग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धी सम्पूर्ण तथ्यांक नगरपालिका सूचना प्रणाली (Municipal Informations System MIS मा आवद्ध गर्ने र आवश्यकताको आधारमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

**मूख्य मूख्य कार्यक्रमहरुः**

- नगरपालिकाको आफ्नै प्रतिक चिन्ह (Logo) निर्माण ।
- हेटौडाको बर्तमान र भावी प्रारुप (Miniature) तयारी गर्ने कार्यक्रम ।
- संगठन बिकास सम्बन्धी अध्ययन तथा बिश्लेषण प्रतिवेदन २०६६ (Organizational Development OD Report**)** स्वीकृत गरी सिफारिस गरिएका सुझाव तथा कार्यक्रमहरु चरणबद्ध कार्यान्वयन ।
- नगर क्षमता बिकास योजना २०६७ (Capacity Development CD Plan Report**)** स्वीकृत गरी सिफारिस गरिएका सुझाव तथा कार्यक्रमहरु चरणबद्ध कार्यान्वयन ।
- नगरकोलागि दिर्घकालिन रणनीतिक योजना तर्जुमा, शहरी विकास तथा अन्य आर्थिक सामाजिक सवालहरुमा बिश्व बिद्यालय तथा उच्च शैक्षिक संस्थाहरुमा कार्यरत बिज्ञहरु, शोधकर्ताहरुको भूमिका, संयन्त्र जस्ता बिषयमा गोष्ठी, अन्तरक्रिया र कार्ययोजना तर्जुमा गोष्ठी ।
- उपयुक्त स्थानमा एकिकृत सेवा केन्द्रहरुको स्थापना ।
- संस्थागत क्षमता अभिबृद्धि तथा मानव संसाधन बिकास सम्बन्धी एकिकृत नीति तर्जुमा र कोषको स्थापना ।
- वारुणयन्त्र, सुरक्षा तथा सरसफाई सेवाका कर्मचारीहरुका लागि सुरक्षा उपाय सम्बन्धी अभिमुखीकरण तथा सुरक्षा उपकरणहरुको व्यवस्था ।

- उपभोक्ता समिति सम्बन्धी निर्देशिका, कर्मचारी आचरण सम्बन्धी निर्देशिका, उपकरण संचालन तथा उपयोग सम्बन्धी निर्देशिकाहरु ।

- नगरस्तरीय वातावरण संरक्षण तथा प्रकोप व्यवस्थापन कोष, मर्मत संभार कोष, गरिवी न्युनिकरण कोष, गाउ नगर साभ्केदारी बिकास कोष, सार्वजनिक निजी साभ्केदारी बिकास कोष, संस्थागत क्षमता अभिबृद्धि तथा मानव संसाधन बिकास कोष ।

- नगरपालिकाको गतिविधिहरुलाई छापा तथा बिद्युतीय संचार माध्यमबाट प्रचार प्रसार ।

- मेलमिलाप केन्द्रको प्रवर्द्धन तथा मेलमिलापकर्ताहरुको दक्षता तथा क्षमता बिकास कार्यक्रमहरुको कार्यान्वयन ।

- सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण, सार्वजनिक लेखा परिक्षण कार्यक्रमहरु संचालनमा ल्याउने ।

- प्रगती समिक्षा गोष्ठीहरुको संचालन ।

- सुशासन प्रर्वद्धन तथा संस्थागत बिकाससंग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धी सूचना तथा तथ्यांक नगरपालिका सूचना प्रणाली -Municipal Informations System MIS_मा नियमित रुपमा अद्यावधिक गर्ने कार्य ।

## रणनीति

आर्थिक बर्ष २०६७।०६८ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तीको लागि देहाय अनुसारको रणनीतिलाइ थप प्रभावकारी सहित निरन्तरता दिइनेछ ।

१। राजनैतिक सहकार्य र समभ्कदारीमा जोड दिने ।

२। स्थायी राजनैतिक सयन्त्र निर्माणको लागि नेपाल सरकार स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने ।

३। नगरपालिकाको संगठनात्मक संरचनालाई कार्यवोभ्कको आधारमा चुस्त र सेवामुखी बनाउने ।

४। आधारभूत सेवा तथा पूर्वाधार बिकासमा समन्वय, सहकार्य, सहभागिता र साभ्केदारीको अवधारणालाई थप प्रभावकारी बनाउने ।

५। कर तथा गैर कर राजश्वका नयां क्षेत्रहरुको पहिचान र अतिउत्तम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरुसंगको सहकार्यमा जोड दिने ।

६। ढुला योजनाहरुको सम्भाव्यता अध्ययन एवं डिजाइन लागि बिज्ञ परामर्श दातृ संस्थाहरुको सेवा लिने ।

७। टोल विकास संस्थालाई नगरपालिकाको सहयोगी अंगको रुपमा विकास गरी सो संगको सहकार्यमा जोड ।

८। लक्षित तथा बिशेष लक्षित क्षेत्रमा क्रियाशील संघसंस्थाहरुसंगको सहकार्य र साझेदारीमा जोड दिने ।

९। समावेशी र सन्तुलित विकासको लागि सामाजिक परिचालनमा जोड दिने ।

## ४. नगरपालिकाको बिद्यमान संगठन संरचनाः

प्रचलित स्थानीय स्वायत्त शासन ऐन, नियम तथा राज्यले अवलम्बन गरेको शहरी बिकास नीति, कार्यक्रम, नगरपालिकाहरुको कार्यक्षेत्रमा आएको व्यापक बिस्तार, सहज र प्रभावकारी सेवा व्यवस्थापन, अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना तर्जुमा, क्षेत्रगत र बिषयगत गुरुयोजना तर्जुमा जस्ता बिषयहरुलाई समय सापेक्ष रुपमा सम्वोधन गर्न हेटौडा नगरपालिकाको संगठनात्मक संरचनालाई समयानुकुल सक्षम र सवल बनाउने उद्देश्यकाका साथ १४ औं नगरपरिषदको नीगित मार्ग निर्देशन बमोजिम कार्यालयको तर्फबाट बिभिन्न बिज्ञ समुह, कर्मचारीवर्ग समेतको सकृय सहभागितामा गरिएको संगठनात्मक अध्ययन तथा विश्लेषणका आधारमा तयार भएको संगठन विकास प्रतिवेदन २०६६ (Organizational Development OD Report) लाई २०६७।३।४मा सम्पन्न नगरपालिकाको १५औा नगरपरिषदबाट सर्वसम्मत स्वीकृत भई पहिलो पटक नगरपालिकाको संगठन संरचना, दरवन्दी र कार्य विवरणलाई रणनीतिक रुपमा स्वीकार गरिएको थियो ।

नगरपालिकाको जिम्मेवारीहरुको क्षत्रबिस्तार एवं सृजित चुनौतीहरुलाई सम्वोधन गर्न नगरपालिकालाई विशिष्ट ढंगले अघि बढाउनुपर्ने अवस्था श्रृजना भएकोले कार्यालयको कामलाई व्यवस्थित र प्रभावकारी बनाउन एवं क्षेत्रगत जिम्मेवारीलाई बढी स्पष्ट बनाउंन पहिलो व्यवस्थापन तह (Senior Management Team ) लाई योजना तथा नीति निर्माण, नियमित अनुगमन र मूल्यांकन तहमा बढी संलग्न गराउने, दोश्रो व्यवस्थापन तह (Secondary Management Team) लाई स्वीकृत नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयनमा प्रत्यक्ष रुपमा जिम्मेवार बनाउने र सहायक तह (Operation Level Management) लाई कार्यान्वयनमा सहयोगी भूमिकामा जिम्मेवारी बनाउने खालको रणनीतिक व्यवस्थापन (Strategic Management) सहित हालको स्वीकृत प्रशासकीय संगठन संरचना अनुसार नगरपालिकाको कामलाई प्रमुख कार्यकारी मातहत निम्न ५ महाशाखाहरु क्रियाशील छनः

१. सामान्य प्रशासन तथा सुशासन प्रवर्द्धन महाशाखा,
२. बित्तिय व्यवस्थापन महाशाखा, शहरी योजना,
३. अनुसन्धान तथा वातावरण महाशाखा,
४. योजना कार्यान्वयन तथा पूर्वाधार बिकास महाशाखा
५. सामाजिक बिकास महाशाखा

प्रचलित कानून, नेपाल सरकारबाट समय समयमा जारी गरिएका नीतिगत मार्ग निर्देशन, निर्देशिका अनुसार नगरपरिषदबाट स्वीकृत नीति, कार्यक्रम तथा आयोजनाहरु एवं मार्गदर्शनहरुलाई नगरपालिका वोर्डको निर्णय तथा निर्देशनको आधारमा वार्षिक कार्ययोजना तयार गरी प्रशासनिक संरचना अन्तर्गत गठन गरिएका महाशाखा, शाखा तथा उपशाखाहरु मार्फत कार्यान्वयनमा ल्याइन्छ ।

जस अनुसार नगरपालिकाको कामलाई **सामान्य प्रशासन तथा सुशासन प्रर्वद्धन महाशाखा** अन्तर्गत सामान्य प्रशासन शाखा, सुशासन प्रर्वद्धन शाखा र सम्पत्ति व्यवस्थापन शाखा गरी ३ शाखा, **बित्तिय व्यवस्थापन माहाशाखा** अन्तर्गत लेखा शाखा तथा राजश्व शाखा गरी २ शाखा, **शहरी योजना, अनुसन्धान तथा वातावरण माहाशाखा** अन्तर्गत योजना बिकास तथा अनुसन्धान शाखा, सूचना प्रविधि तथा अभिलेख शाखा र वातावरण तथा सरसफाई शाखा गरी ३ शाखा, **योजना कार्यान्वयन तथा पूर्वाधार बिकास महाशाखा** अन्तर्गत पूर्वाधार बिकास शाखा र भवन इजाजत व्यवस्थापन शाखा गरी २ शाखा र **सामाजिक बिकास माहाशाखा** अन्तर्गत समाज कल्याण शाखा र समुदाय बिकास तथा साझेदारी प्रर्वद्धन शाखा गरी २ शाखा गरी जम्मा १३ शाखाहरु र सो मातहतका बिभिन्न क्षेत्र तथा बिषयसंग सम्बन्धित २४ उपशाखा मार्फत कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ भने बिभिन्न बिकास साझेदारहरु संलग्न रहेका आयोजनाहरु, विभिन्न बिषयगत समिति, उपसमिति, तथा कार्यदलहरु र ११ वटा वडा कार्यालयहरु सहयोगी अंगको रुपमा क्रियाशील रहेका छन् ।

उपरोक्त माहाशाखा, शाखा तथा उपशाखाहरु स्थापना भएतापनि यसका लागि आवश्यक जनशक्तिको व्यवस्थापन प्रचलित कानूनको अधिनमा रही नियमानुसार पदपूर्ति भई आउनु पर्ने भएकोले २०६७ श्रावण देखि पदपूर्ति सम्बन्धी काम संचालन गरिएकोमा क्रमशः अधिकृतस्तर सातौ, छैठौ, सहायकस्तर पाचौ तह सम्मका सम्पूर्ण कामहरु करीव २०६८ बैसाखमा मात्र सम्पन्न भएको सन्दर्भ र आ.व.२०६७।०६८ का लागि नीति, कार्यक्रम साविकको संगठन ढांचाको आधारमा पारित गरिएतापनि ती कार्यक्रमहरु परिवर्तित परिवेशमा समायोजन गरी कार्यान्वयन गर्नु पर्ने विषम परिस्थिति श्रृजना भएको सर्न्दभमा आ.व.२०६७।०६८ को लागि १५ औं नगरपरिषदबाट निर्धारित लक्ष्य, कार्यक्रम तथा योजना आयोजनाहरु कार्यान्वयनमा ल्याइएको अवस्था छ ।

यसरी आ.व.२०६७।०६८ को प्रगतिस्तर मापन गर्दा मिति २०६८ श्रावण २४ गते नगरपालिका दलीय संयन्त्रका पदाधिकारीहरु, बिषयगत कार्यालय, पेशागत संघसंस्था, नागरिक समाज तथा संचारकर्मीहरु लगायत अन्य सरोकारवालाहरुका प्रतिनिधिहरु समेतको सहभागितामा सम्पन्न भएको वार्षिक समिक्षा कार्यक्रममा नगरपालिका अन्तर्गतका महाशाखाहरुले प्रस्तुत गरेको विवरणहरुको आधारमा आ.व.२०६७।०६८ मा नगरपालिकाले हासील गरेको उपलब्धी, देखा परेको चुनौती तथा अवसरहरु र आगामी आ.व.२०६८।०६९ मा अवलम्बन गरिनु पर्ने सुझावहरु सहित यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

### ५.१ सामान्य प्रशासन तथा सुशासन प्रर्वद्धन महाशाखाः

नगरपालिकाको स्वीकृत प्रशासकीय संगठन संरचना अनुसार कार्यकारी अधिकृतको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन, प्रभावकारी सेवा व्यवस्थापन मार्फत सुशासन प्रर्वद्धन र नगरपालिकाको चल अचल सम्पत्ति व्यवस्थापनमा दिर्घकालिन सोच, लक्ष्य, नीति, कार्यक्रम तथा परियोजनाहरुको बिकास, कार्यान्वयन गर्ने गराउने उद्देश्यका साथ गठन गरिएको यस सामान्य प्रशासन तथा सुशासन प्रर्वद्धन माहाशाखा अन्तर्गत सामान्य प्रशासन शाखा, सुशासन प्रर्वद्धन शाखा र सम्पत्ति व्यवस्थापन शाखाहरु मतहत कर्मचारी प्रशासन, जनशक्ति व्यवस्थापन, नियमन, वारुणयन्त्र, कानून तथा सिफारिस, खरीद तथा जिन्सी उपशाखाहरुका साथै वडा कार्यालयहरु रहेका छन । यस माहाशाखा अन्तर्गत अधिकृतस्तर सातौ तह प्रवन्धक १, अधिकृतस्तर छैठौ तह शाखा अधिकृत ३, सहायकस्तर पाचौ तह वरिष्ठ सहायक ७ र अन्य सहायकस्तर तह ड्राइभर, नगर प्रहरी तथा वारुणयन्त्र, कार्यालय सहयोगी समेत गरी जम्मा ५५ जना कर्मचारीहरु कार्यरत छन । आ.व.२०६७।०६८ मा यस माहाशाखा अन्तर्गत भएको कार्य प्रगतिस्तर निम्न बमोजिम रहेको छ :

**कर्मचारी दरबन्दी तथा पदपूर्तिको अवस्था :**

यस नगरपलिकाको पन्धौ नगर परिषद् बैठकबाट २०८ पदको दरवन्दी स्वीकृत भएको छ जसमा अधिकृतस्तर सातौ तह ५, अधिकृतस्तर छैठौ तह १५, सहायकस्तर पाचौ तह २९, सहायकस्तर चौथो तह ६८, सहायकस्तर तेश्रो तह २१, सहायकस्तर दौश्रो तह १० र सहायकस्तर प्रथम तह ६० रहेको छ । स्वीकृत दरवन्दी मध्ये समिक्षा अवधि आ.व.२०६७०६८ भित्र १५५ पदमा स्थायी पदपूर्ति र ८ पदमा सेवा करारमा पदपूर्ति भएको छ । अन्य ४५ रिक्त पदहरुमा भएको पदपूर्तिको प्रक्रिया अन्तिम चरण रहेको अवस्था छ ।

**क्रियाशील समिति, उपसमिति तथा कार्यदलहरुको संख्यात्मक अवस्था :**

विभिन्न छोटा अवधिका कार्य प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार गठन गरेका समिति, उप समिति तथा कार्यदल बाहेक निम्न समिति, उप समिति तथा कार्यदलहरु यस नगरपालिकामा क्रियाशील छन् :

१. पदपूर्ति समिति,
२. नगरस्तरीय राजस्व परामर्श समिति,
३. सार्वजनिक निजी साझेदारी प्रवर्धन समिति,
४. योजना अनुगमन, सुपरिवेक्षण तथा फरफारक समिति,
५. बोलपत्र मूल्याIन समिति,
६. शहरी तथा वातावरणीय सुधार परियोजना नगरपालिका निर्देशक समिति,
७. शहरी तथा वातावरणीय सुधार परियोजना नगरपालिका अनुगमन समिति,
८. कर्मचारी कल्याण कोष परिचालन तथा सिफारिस समिति,
९. साझेदारी परियोजना अन्तर्गत व्यवस्थापन समितिहरु,
१०. गरीवी न्यूनीकरण रणनीति तर्जुमा नगर स्तरीय समन्वय समिति र सो अन्तर्गतको कार्यदल,
११. कर्मचारी बीमा सुविधा संयोजन समिति,
१२. वडा स्तरीय अनुगमन समितिहरु,
१३. वातावरण सुधार समन्वय समिति,
१४. महिला स्वास्थ्य स्वयंसेविका र सरसफाई कार्यान्वयन समिति,
१५. नगरपालिका साझेदारी विकास कोष सञ्चालन समिति,
१६. मतदाता नामावली संकलन तथा नागरिकता प्रमाण-पत्र बितरण गर्ने प्रयोजनका लागि गठित नगरपालिका कार्यालय सञ्चालन समिति,
१७. सुशासन व्यवस्थापन समिति,
१८. क्षमता बिकास योजना समन्वय समिति
१९. न्युनतम शर्त तथा कार्य सम्पादन मापन कार्यदल
२०. हेटौंडा नगर विकास मञ्च,
२१. आवधिक योजना तर्जुमा कार्यदल एवं विषयगत समितिहरु
२२. एकिकृत योजना तर्जुमा समिति

**बैठकको संख्यात्मक अवस्था :**

१. नगरपरिषद् बैठक - २०६८।३।१९ मा सम्पन्न १ (निर्णय संख्या- १८, पारित विशेष प्रस्ताव ११)
२. नगरपालिका बोर्ड बैठक संख्या – ४३,

**कार्यालयबाट प्रदान गरिएका सेवाहरुको संख्यात्मक अवस्था :**

क. बारुणयन्त्रको प्रयोग सम्बन्धी संख्यात्मक अवस्था –

अ. नगरभित्र – २५

आ. नगरबाहेक जिल्लाभित्र - ११

इ. जिल्ला बाहिर - २

ख. पत्राचारको संख्यात्मक अवस्थाः-

अ. दर्ता पत्र संख्या – २१,८२८

आ. पत्र चलानी संख्या - १,१५६१

ग. सचिवालयबाट भएका सिफारिसको संख्यात्मक अवस्थाः-

अ. नागरिकता (वंशज) – १९६६

आ. नागरिकता (अंगिकृत) – ९

इ. नागरिकता प्रतिलिपि – ५५४

घ. पन्जिकरण इकाईबाट गरिएका व्यक्तिगत घटना दर्ताको संख्यात्मक अवस्थाः-

अ. जन्म दर्ता – १०९७ (म. ५१७, पु. ५८० )

अ. मृत्यु दर्ता – ३४६ (म. १२०, पु. २२६)

अ. बसाई सराई – ४२२ (आएको २८६, गएको १३६ )

अ. बिबाह दर्ता – ६७१

अ. सम्बन्ध बिच्छेद – ४

ङ. सिफारिस उपशाखाबाट भएका सिफारिसहरुको संख्यात्मक अवस्थाः-

क. चौहद्दी (चारकिल्ला) प्रमाणित – २०१२

ख. जग्गाको वस्तुगत बिवरण प्रमाणित – २३९१

ग. बिद्युत सिफारिस – ६९१

घ. खानेपानी सिफारिस – ७०९

ङ नाता प्रमाणित – २१६

च. जग्गा नामसारी - १४५

छ. अन्य सिफारिस - २३३९

**पदपूर्ति सम्बन्धमा भए गरेका कामहरु :**

यस अवधिमा कार्यालयको स्वीकृत दरवन्दी अन्तर्गत सहायकस्तर चौथो तह (प्रा) अमीन पदमा खुल्ला प्रतियोगिताबाट करारमा पदपूर्ति गरिएको छ । सेवा अवधिका आधारमा सहायकस्तर प्रथम तहमा कार्यरत कर्मचारीहरुलाई स्वतः स्तर बृद्धि गर्ने नेपाल सरकारको निर्णय अनुरुप कर्मचारीहरुको स्तर बृद्धि गरिएको छ । साथै पन्ध्रौ नगर परिषद्बाट स्वीकृत भएको संगठन ढांचा र दरवन्दीको परिधिभित्र रही हालै नेपाल सरकारले स्थानीय निकायका कर्मचारीहरुको हकमा लागू गरेको वढुवा सम्बन्धी विशेष व्यवस्था र अन्य नियमानुसारको पदपूर्तिको प्रक्रिया प्रारम्भ भएको छ ।

**सामुदायिक मेल मिलाप केन्द्र**

समुदायमा रहेका बिवादहरु अनौपचारिक न्याय पद्धति अनुसार समुदायस्तरबाट नै मेलमिलापको माध्यमबाट समाधान गर्नु पर्दछ भन्ने मान्यता र यस सम्बन्धमा नगरपालिकाले कानून अन्वेषण तथा परामर्श केन्द्र सेलर्डसंगको सहकार्यमा स्थापना गरिएको सामुदायिक मेलमिलाप केन्द्रमा दर्ता भएका ४२ विवादहरु मध्ये समिक्षा अवधिमा १४ विवादहरु मिलापत्र गर्न सफल भएको, १७ वटा विवाद मिलापत्र हुन असफल, ५ वटा विवादका पक्षहरु सम्पर्कमा नआएको, ३ विवाद आपसमा घरमा नै

मेलमिलाप गर्न सफल भएको अवस्था छ भने ३ वटा विवाद चालु आ.व.२०६८।०६९ को लागि जिम्मेवारी सरि आएको अवस्था छ ।

## ५.२ बित्तीय व्यवस्थापन माहाशाखा

नगरपालिकाको स्वीकृत प्रशासकीय संगठन संरचना अनुसार कार्यकारी अधिकृतको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही राजश्व प्रशासन र लेखा प्रशासनलाई व्यवस्थापन गर्ने गराउने उद्देश्यका स्थापना गरिएको बित्तीय व्यवस्थापन माहाशाखा अन्तर्गत लेखा शाखा र राजश्व शाखा र आन्तरिक लेखा परिक्षण अधिकृत गरी ३ शाखा कार्यरत रहेको छ । राजश्व शाखा अन्तर्गत सम्पत्तिकर राजश्व तथा अन्य कर राजश्व उपशाखा र सवारीकर चौकीहरु रहेका छन । यस माहाशाखामा अधिकृतस्तर सातौ तह प्रवन्धक १, अधिकृत छैठौ तह लेखा अधिकृत १, राजश्व अधिकृत १, आन्तरिक लेखा परिक्षण १, सहायकस्तर पाचौ तह वरिष्ठ सहायक ३ र अन्य सहायकस्तर सवारी कर चौकीमा कार्यरत समेत गरी जम्मा ३२ जना कर्मचारीहरु कार्यरत छन । आ.व.२०६७।०६८ मा यस महाशाखा अन्तर्गत भएको कार्य प्रगतिस्तर निम्न बमोजिम रहेको छ :

आ.व.०६७।०६८ लाई फर्केर हेर्दा १५ औं नगरपरिषदले आम्दानी तर्फ निर्धारण गरेको लक्ष्य रु ५ करोड ९३ लाख ४ हजार रहेकोमा संकलन तर्फ रु ६ करोड २३ लाख ९४ हजार अर्थात लक्ष्य भन्दा ५ प्रतिशत वढि उपलब्धी हांसिल भएको छ । आन्तरिक आय तर्फका मूख्य मूख्य शिर्षकहरुमा सम्पत्तिकर तर्फ लक्ष्य भन्दा १०७ प्रतिशत, सवारीकर तर्फ ९९ प्रतिशत, व्यवसायकर तर्फ ११२ प्रतिशत र मालपोत तथा घरजग्गाकर वक्यौता संकलन तर्फ क्रमश: १०१ र १०३ प्रतिशत, नक्सापास तर्फ १०८ प्रतिशत र अन्य आय शिर्षकहरुमा पनि लक्ष्य अनुरुप नै आम्दान गर्न सफल भएको छ । यसै गरी समिक्षा अवधिमा संचालन गरिएका बिभिन्न आयोजनाहरुमा उपभोक्ताहरुबाट करीव रु.१ करोड ८० लाख वरावरको नगद लागत सहभागिता संकलन भएको छ ।

बाह्य आयतर्फ संशोधित लक्ष्य अनुमान भन्दा ५ प्रतिशत कम उपलब्धी हासिल भएको देखिन्छ । यस अन्तर्गत नगरपालिका अनुदान तर्फ प्रशासन तथा वारुणयन्त्र (रु.१ करोड ८९ लाख), सशर्त अनुदान चालु तथा पूजिगत (रु.३ करोड ३ लाख ६४ हजार), थप स्थानीय बिकास शुल्क (रु. ८९ लाख), स्थानीय यातायता पूर्वाधार क्षेत्रगत कार्यक्रम (रु.२५ लाख), शहरी वातावरणका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम, गरिवी न्युनिकरण कार्यक्रम (रु. १२ लाख), सामाजिक सुरक्षा कार्यक्रम LGCDP कार्यक्रम (रु.३ करोड ४ लाख ४३ हजार) जस्ता शिर्षकहरुमा सत प्रतिशत आम्दानी गर्न सफल भएको छ भने वाइपास सडक आयोजनाको लागि नगर बिकास कोष ऋण १०५ प्रतिशत, सामुदायिक बिकास कार्यक्रमका लागि लक्ष्य भन्दा २५५ प्रतिशत वढि र शहरी तथा वातावरणीय सुधार परियोजना UEIP परियोजना अन्तर्गत अनुदान तर्फ संशोधित लक्ष्य भन्दा ११९ प्रतिशत (अनुदान रु. ४ करोड १७ लाख ९७ हजार) र ऋण तर्फ ८८ प्रतिशत प्रतिशत (रु.२ करोड ७२ लाख) गरी जम्मा रु. ६ करोड ८९ लाख ९७ हजार, राजश्व बांडफांड वापत जि.बि.स बाट प्राप्त हुनुपर्ने अनुदान लक्ष्यको तुलनामा ९७ प्रतिशत, अन्य दातृ निकाय, संघसंस्थाबाट प्राप्त तथा UEIP तर्फको मौज्दात तथा बिबिध आय शिर्षकमा ८७ प्रतिशत र जगेडाकोष कार्यक्रम अन्तर्गत ९८ प्रतिशत गरी कूल रु २६ करोड ६२ लाख ६९ हजार आय अनुमान गरिएकोमा ९५ प्रतिशत अर्थात रु २५ करोड ३९लाख १२ हजार आम्दानी भएको अवस्था छ । यसरी समग्रमा हेर्दा समिक्षा अवधिका लागि आन्तरिक आय तर्फ आर्थिक बर्ष २०६७।०६८ को खर्च तर्फ बिश्लेषण गर्दा नगरपालिका कोष र यु.ई.आई.पी.परियोजना तर्फ गरी कूल खर्च रु.३२ करोड ४५ लाख ७३ हजार खर्च अनुमान गरिएकोमा समिक्षा अवधिको अन्त सम्ममा रु.३१ करोड ५५ लाख ६१ हजार अर्थात ९६ प्रतिशत खर्च भएको छ । यस मध्ये न.पा.कोष

तर्फको मात्र जम्मा रु १५ करोड ३२ लाख ८४ हजार (यसमा चालु खर्च रु.३ करोड २२ लाख २३ हजार र पूजिगत खर्च रु.२८ करोड ३३ लाख ३८ हजार) खर्च भएको छ। न.पा.कोष तर्फको पूंजीगत खर्च रु १५ करोड ३२ लाख ८४ हजार मध्ये मुख्य रुपमा लागत सहभागितामा आधारित योजनाहरुमा रु.७३ लाख ७५ हजार, गतवर्ष अधुरा रहेका क्रमागत योजनामा रु.१ करोड ३८ लाख ४४ हजार, सडक कालोपत्रे तथा मर्मतमा रु.२ करोड ७२ लाख २ हजार, न.पा. कार्यालय भवनमा रु.१ करोड २५ लाख, यू.ई.आई.पी.परियोजना लाई म्याचि□ फण्ड भुक्तानीमा रु.१ करोड ५ लाख, शहरी तथा वातावरणीय सुधार परियोजना UEIP अन्तर्गतका परियोजनाहरुमा रु.१३ करोड ५४ लाख, गरिवी न्युनिकरण कार्यक्रम तर्फ रु.२९ लाख ७१ हजार र अन्य गरी गरी कूल रु.२८ करोड ३३ लाख ३८ हजार हजार खर्च भएको छ।

आम्दानी तथा खर्चको साथसाथै नगरपालिकाको आ.ब.२०६७०६७८ को पेश्की फछ्र्यौटको प्रगति समीक्षा गर्दा न.पा.कोष तर्फको आ.ब.२०६६।०६७ सम्मको पुरानो पेश्की रु.५ करोड १६ लाख ६४ हजार र UEIP तर्फको रु.५५ लाख ८८ हजार गरी कूल रु. ५ करोड ७१ लख ५२ हजार वरावरको पेश्कि जिम्मेवारी सरि आएकोमा समिक्षा अवधिमा न.पा.कोष तर्फ रु.२ करोड ५९ लाख ६५ हजार र UEIP तर्फको रु. ५४ लाख ८८ हजार गरी जम्मा रु.२ करोड ६ लाख ५३ हजार वरावर अर्थात ( न.पा.कोष तर्फ ४८ र UEIP तर्फ १०० प्रतिशत) औषतमा ५३ प्रतिशत मात्र पेश्की पछ्र्यौट भै आ.व.२०६७०६८ को पेश्कि समेत गरी कूल रु. ५ करोड ८२ लाख ८८ हजार पेश्की चालु आ.व. २०६८।०६९ को लागि जिम्मेवारी सरि आएको छ।

### ५.३ शहरी योजना, अनुसन्धान तथा वातावरण महाशाखा

नगरपालिकाको स्वीकृत प्रशासकीय संगठन संरचना अनुसार कार्यकारी अधिकृतको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्ने गरी गठन भएको शहरी योजना, अनुसन्धान तथा वातावरण महाशाखा अन्तर्गत योजना बिकास शाखा, सूचना प्रविनधि तथा अभिलेख शाखा, वातावरण तथा सरसफाई शाखा गरी ३ शाखा र सो मातहत अनुसन्धान उपशाखा, बैदेशिक सम्पर्क तथा समन्वय उपशाखा, भू सूचना प्रणाली GIS उपशाखा, सूचना तथा अभिलेख उपशाखा, वातावरण तथा जोखिम व्यवस्थापन उपशाखा, यन्त्र उपकरण उपशाखा र खानेपानी तथा सरसफाई उपशाखा गरी ७ उपशाखाहरु क्रियाशील रहेका छन भने यस क्षेत्रमा रहेका १० नगरपालिकाहरुको संजाल तथा क्षत्रीय मंचको रुपमा स्थापना गरिएको नगरपालका क्षेत्रीय अध्ययन केन्द्र मध्यक्षेत्रको सचिवालयको रुपमा समेत सेवालाई व्यवस्थापन गर्ने काम भइरहेको छ। यस महाशाखा अन्तर्गत अधिकृतस्तर सातौ तह प्रवन्धक १, अधिकृतस्तर छैठौ तह ३ सहायकस्तर पाचौ तह ३ र सफाई सेवाका सवारी चालक तथा कर्मचारीहरु समेत गरी जम्मा ५० जनाको दरवन्दी रहेतापनि हाल ३८ जना कर्मचारीहरुबाट कार्य सम्पादन हुदै आइरहेको छ भने नगरपालिका क्षेत्रीय अध्ययन केन्द्र तर्फ प्राविधिक सल्लाहकारको रुपमा एक जना GIZ स्वयम सेवक कार्यरत रहेको छ। आ.व.२०६७०६८ मा यस महाशाखा तथा मातहत शाखा, उपशाखा र सचिवालयको प्रगतिस्तर निम्न बमोजिम रहेको छ :

**दिर्घकालिन लक्ष तथा योजना बिकास तर्फः**

१५ औं नगरपरिषदको मार्गदर्शन बमोजिम योजना तर्जुमा तथा कार्यक्रम व्यवस्थापन Planning & Programme Management तर्फ



समिक्षा अवधिमा स्थानीय बिकास मन्त्रालय, योजना महाशाखाको आर्थिक सहयोग तथा शहरी बिकास तथा भवन निर्माण बिभागको प्राविधिक सहयोगमा Innovative Designers Concern Pvt Ltd को परामर्शदातृ सहयोगमा हेटौडा तथा आसपासका नगरोन्मुख गा.वि.स.हरुलाई समेत लक्षित गरी ग्रेटर हेटौडाको अवधारणा सहित तर्जुमा भइरहेको हेटौडा नगरको आवधिक योजना अन्तर्गत २० बर्षे दिर्घकालिन लक्ष्य सहित, ५ बर्षको लागि क्षेत्रगत बिकास नीति, योजना, कार्यक्रम र आयोजनाहरु समेत तर्जुमा गर्ने उद्देश्यले आ.व.२०६६।०६७ बाट सुरुवात गरिएको नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । यसका लागि जिल्लाका राजनैतिक दल, पेशागत संघसंस्था, नागरिक समाज, संचार जगत, सरकारी तथा गैर सरकारी निकाय, छिमेकी गा.वि.स.का प्रतिनिधि समेत रहने गरी गठन भएको **हेटौडा नगर बिकास मंच** Hetauda City Development Forum **HCDF** को नीतिगत मार्ग निर्देशन र आवधिक योजना तर्जुमा कार्यदलको आयोजनामा बमोजिम २०६७ भाद्र २०,२१ र २२ मा सम्पन्न **दिघकालिन लक्ष्य निर्धारण गोष्ठी** Vision Setting Workshop ले उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, आवास र सूचना प्रविधि जस्ता संभावित अग्रणी क्षेत्र Potential Lead Sectors हरुका वारेमा बिज्ञसमुहबाट प्रस्तुत गरिएको कार्यपत्रहरुमाथी वृहत छलफल गरी **उद्योग, शिक्षा र आवास**लाई मूल अग्रणी क्षेत्र Prime Lead Sector को रुपमा पहिचान गरी **"स्वच्छ, सृजनशील सम्बृद्ध औद्योगिक नगर २०३०"** को दिर्घकालिन लक्ष्य निर्धारण गरिएको थियो ।

उपरोक्त दिर्घकालिन लक्ष्य समुदायस्तरमा लाने र सोही बमोजिम समुदायस्तरका समस्या,संभावना र समाधानका उपायहरु तथा जोखिम पक्षहरु संकलन गर्न नगरका सवै वडाहरुमा राजनीतिक संयन्त्रका प्रतिनिधि, टोल बिकास संस्था, क्लव, स्कुल तथा अन्य सामाजिक संघसंस्थाका प्रतिनिधिहरु समेतको सहभागितामा वडाभेलाहरु आयोजना गरिएको थियो भने नगरपालिकासंग सिमा जोडिएका गा.वि.स.हरुमा बिद्यमान संभावना र चुनौती बिषयमा छलफल गर्ने उद्देश्यले २०६७ माघ १८ गते भैंसे, गढी, हटीया, हर्नामाडी, चुरीयामाई, पदमपोखरी, हांडीखोला र वसामाडी गा.वि.स.का राजनीतिक संयन्त्र पदाधिकारीहरु तथा गा.वि.स.सचिव समेतको उपस्थितिमा वृहतर हेटौडाको दिर्घकालिन लक्ष्य, आवधिक योजना सम्बन्धमा वृहत छलफल गरी सुझावहरु संकलन गरिएको थियो भने छलफलको निष्कर्षको रुपमा निम्न बमोजिमका नीतिगत निर्णयहरु गरिएको थियो :

१. शहरीकरणका आधारभूत मापदण्ड जस्तै वाटोको न्युनतम चौडाइ, भू उपयोग जस्ता बिषयमा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने,

२. गा.वि.स.क्षेत्रमा रहेका सार्वजनिक जमिनहरुको विवरण तयार गरी संरक्षण सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने,

३. आपसी हित जोडिएका आयोजनाहरु संयुक्त लगानीमा कार्यान्वयन गर्ने,

४. नक्सा इजाजत तथा राजश्व परिचालन जस्ता कार्यमा नगरपालिकाले प्राविधिक सहयोग उपलव्ध गराउने ।

यसै गरी नगरको दिर्घकालिन योजना तर्जुमा तथा कार्यान्वयनमा शिक्षा क्षेत्रका बिज्ञहरु, उद्योग वाणिज्य क्षेत्र तथा युवावर्गको भूमिकालाई ध्यानमा राखी बिभिन्न शैक्षिक संस्थामा आवद्ध शिक्षाबिदहरु, उद्योगी व्यवसायी, बिद्यालय तथा उच्च शिक्षा तहमा अध्ययन गरिरहेका युवा बिद्यार्थीहरु वीच पनि दिर्घकालिन लक्ष्य तथा अग्रणी क्षेत्रका वारेमा वृहत छलफल आयोजना गरी बृहत्तर हेटौडाको दिर्घकालिन बिकासका लागि सुझाव तथा प्रतिक्रिया संकलन गरिएको थियो ।

यसरी वडा भेला, छिमेकी गा.वि.स.हरुसंगको छलफल, उद्योगी, व्यवसायी, युवा बिद्यार्थीहरुबाट प्राप्त भएको वडास्तरीय र नगरस्तरीय समस्याहरु, संभावना र जोखिम पक्षहरुका सम्बन्धमा नगरस्तरीय दलीय संयन्त्रमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरु संयोजक, क्षेत्रगत र बिषयगत बिज्ञहरु सदस्य र नगरपालिका कार्यालयको तर्फबाट सम्बन्धित महाशाखा तथा शाखा प्रमुखहरु सदस्य सचिव रहेको बिषयत योजना तर्जुमा समितिहरुले वृहत छलफल गरी निम्न बमोजिमको क्षेत्रगत योजनाहरुको मस्यौदा प्रस्तुत गरिएको थियो :

१. भौतिक बिकास योजना

२. साहित्य कला, संस्कृति र पर्यटन, योजना

३. शिक्षा, स्वास्थ्य, खेलकुद योजना

४. गरिवी न्युनिकरण तथा लक्षित क्षेत्र बिकास योजना

५. वातावरण तथा प्रकोप व्यवस्थापन योजना

६. आर्थिक बिकास योजना

७. बित्तीय व्यवस्थापन योजना

८. संस्थागत बिकास योजना

बिषयगत समितिहरुबाट प्राप्त बिषयगत गुरुयोजना सम्बन्धी मस्यौदा परामर्शदाता समुहबाट बिश्लेषणको आधारमा अन्तिम मस्यौदा प्रतिवेदन प्रस्तुतिकरणको अवस्थामा रहेको छ ।

**वैदेशिक सम्पर्क विस्तार तर्फः**

हेटौडा नगरपालिकाले अन्तराष्टिय सम्बन्ध बिकास तथा बिस्तार गर्ने क्रमलाई प्राथमिकतामा राखी काम गरिरहेको छ । यस क्रममा ICLEI अर्थात Sustainable Local Governments को सदस्यता प्राप्त गर्न सफल भएको छ भने CityNet को सदस्यता प्राप्ती तर्फ प्रक्रियामा रहेको छ । युरोपीयन युनियनको आर्थिक सहयोगमा संचालनमा आउन लागेको Zero Waste Project निकट भविष्यमा नै कार्यान्वयनमा आउने भएको छ ।

**अध्ययन अनुसन्धान तर्फ :**

यसै गरी सुशासन तथा सामुदायिक बिकास कार्यक्रम LGCDP को सहयोगमा तयार गरिएको नगरपालिकाको ३ बर्षीय एकिकृत क्षमता बिकास योजनाले निर्देश गरेका क्षमता बिकाससंग सम्बन्धित कामहरुलाई स्थानीय बिकास मन्त्रालयबाट जारी गरिएको क्षमता बिकास कार्यक्रम सम्बन्धी निर्देशिका बमोजिम माग र आपूर्तीमा आधारित कार्यक्रमहरु संचालनमा आएको थियो । भने अध्ययन अनुसन्धान तर्फ यस नगरक्षेत्रभित्रको सार्वजनिक जग्गा तथा सडकको विवरण अद्यावधि गर्ने काम सम्पन्न भई अन्ति प्रतिवेदन प्रस्तुत भएको छ । जस अनुसार नगरक्षेत्रभित्र पर्ती ऐलानी, वुट्यान र वगर गरी करीव ११० विगाह सार्वजनिक जग्गा रहेको अवस्था औल्याएको छ भने सडक तर्फ नगरपालिका क्षेत्रभित्रका अधिकांश सडकहरु पक्कि भइसक्दा पनि सार्वजनिक रुपमा लगत कट्टा भइनसकेको कारण एकातिर सार्वजनिक सडक क्षेत्रको पनि राजश्व बुझाइरहनु पर्ने अवस्था रहिरहेको र अर्कोतिर सार्वजनिक सडकको जग्गा समेत खरीद बिक्रि हुने प्रवल संभावना औल्याइएको छ । यसै गरी यस वर्ष सडकबत्ति व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता सम्बन्धी सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको छ जसबाट वडा नं.४ लाई नमुना वडाको रुपमा छनौट गरी कार्यक्रम संचालन गर्न सकिने संभावना

औल्याएको छ भने फोहर व्यवस्थापनमा निजी क्षेत्रको संभाव्यता अध्ययन र केही आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण **IEE** गर्ने कार्यक्रम प्रारम्भ भएतापनि सम्पन्न हुन सकेन छ ।

**सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन तर्फ**

सूचना तथा अभिलेख तर्फ समिक्षा अवधिमा संचालन गरिएका मूख्य मूख्य कार्यक्रम तथा प्राप्त उपलव्धीहरु तर्फ हेर्दा नगरपालिका कार्यालयमा उपलव्ध सूचना प्रविधि सम्बन्धी पूर्वाधार बिशेषत आन्तरिक संजाल (Local Area Network LAN) तथा Internet सुविधामा व्यापक सुधार गरिएको छ । Internet सुविधालाई ADSL प्रविधमा upgrade गरि कार्यालयमा संचालनमा रहेका करिव ४० थान कम्प्युटरलाई संजालमा आवद्ध गरिएको छ । यसै गरी समिक्षा अवधिमा साविकको CAT-4 based Peer to peer network system लाई upgrade गरी संजालमा रहेका सम्पूर्ण Computer हरुलाई Central Server मार्फत नगरपालिकाको सम्पूर्ण database लाई Update, Controll र Coordination गर्न र Multi media facilities मार्फत श्रव्य दृष्य सुविधासहितको अत्याधुनिक CAT-6 based server model network system स्थापना गरिएको छ । यसबाट निकट भविष्यमा नै नगरपालिकासंग सम्बन्धित सवै सूचना तथा तथ्यांकहरु जस्तै राजश्व, भौतिक संरचना, आर्थिक सामाजिक बिकास, गरीवी न्युनिकरण, घरनक्सा लगायत अन्य प्रशासनिक तथा प्राविधिक तथ्यांकहरुहरुलाई भूसूचना प्रणाली Geographic Information System मा आधारित Central Server System मा आवद्ध गरी सुरक्षित रुपमा संग्रह, अद्यावधि र आवश्यकताको आधारमा सम्प्रेषण, बिश्लेषण समेत गर्न सकिने भएको छ । यो प्रविधि मार्फत निकट भविष्यमा नै Optical fiber प्रविधि मार्फत नगरको केन्द्रमा एकिकृत सेवा केन्द्र स्थापना गर्न र कार्यालयको सूरक्ष तथा आइपर्न सक्ने प्रकोपलाई समेत ध्यानमा राखी Close Cercuit CCTV तथा आपतकालिन सूचना प्रणाली जडान जस्ता काम सम्पन्न भएका छन जसले आन्तरिक प्रशासन तथा कार्य सम्पादनमा सघाउ पुग्ने बिश्वास गरिएको छ ।

बदलिंदो समाजको गतिसंगै नगरपालिकाका काम कारबाहीलाई क्रमशः आधुनिक प्रविधिसंग समायोजन गर्दै लाने क्रममा नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धी कार्यका प्रक्रियागत काम कारबाही सरलीकरण गर्न तथा अभिलेख प्रणालीलाई चुस्त बनाउन खर्च लेखा प्रणाली, एकीकृत सम्पत्तीकर प्रणाली, व्यवसाय कर प्रणाली, जनशक्ति सूचना प्रणाली, जिन्सी अभिलेख प्रणालीका सफ्टवेयरहरु प्रयोगमा रहेको अवस्था छ । घरनक्शा इजाजत शाखाका कामलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणाली स्थापना गर्ने, भौगर्भिक सूचना प्रणालीलाई प्रभावकारी बनाई सो प्रणालीलाई भवन निर्माण इजाजत र राजस्व शाखासंग अन्तरसम्बन्धित गर्ने र कार्यालयमा हाल रहेको नेटवर्किंगलाई क्षमता विस्तार र व्यवस्थित गर्ने कार्य यूइआइपि अन्तर्गतको संस्थागत क्षमता विकास कार्यक्रम अन्तर्गत सम्पन्न भएका छन् ।




**पारदर्शिता व्यवस्थापन तर्फः**

यसै गरी सुशासन र पारदर्शिताका लागि नगरपालिकाको गतिविधिहरु अन्य सूचना सर्व साधारणमा सम्प्रेषण गर्ने र सार्वजनिक सूचानमा सर्वसाधारणको पहुंच अभिबृद्धि गर्ने उद्देश्यले नगरपालिकाले बिगत देखि स्थानीय एफ.एम. तथा दैनिक पत्रिका मार्फत प्रशासन तथा प्रकाशन हुदै आएको **हाम्रो हेटौडा हाम्रो पहिचान रेडियो कार्यक्रम** र **नगर दर्पण स्तम्भ** नियमित रुपमा प्रशारण तथा प्रकाशन

भएका छन । यस अवधिमा नगरक्षेत्रबाट प्रशारण हुने हेटौडा एफ.एम.र रेडियो थाहा संचार र रेडियो मकवानपुरबाट जम्मा ३६ अंक र हेटौडा सन्देश दैनिक, नारायणी दैनिक र हेटौडा टु डे मार्फत ३६ अंक प्रकाशनमा आएका छन । यसै गरी नगरपालिकाले बिगत र भावी नगरको परिकल्पाना सहितको प्रतिक चिन्ह (Logo) निर्माण गरी प्रचलनमा ल्याएको छ भने नगरपालकाको website www.hetaudmun.gov.np को नियमित अद्यावधि गर्ने, न.पा.प्रवेशद्धारमा राजश्व दरवन्दी सम्बन्धी Flex Board, राजश्व सम्बन्धी Help Desk र दृष्टिविहिनहरुका लागि ब्रेल लिपिमा नागरिक वडापत्रको व्यवस्था गरिएको छ । यसै गरी यस वर्ष Metric addressing system मा आधारित घर नम्वरिङ. गर्ने कार्य वडा नं.३ र १० मा सम्पन्न भएको छ ।
नियमित समिक्षा तर्फ मिति २०६७ साल मंसिर २७ गते प्रथम चौमासिक समिक्षा गोष्ठी र मिति २०६७ चैत्र २५ गते दोश्रो चौमासिक समिक्षा गोष्ठी आयोजना गरी तत् अवधिका प्रगति समिक्षा गरिएको थियो ।

**वातावरण तथा सरसफाई तर्फः**

नगरपालिकामा बिद्यमान सिमित श्रोत साधनको अधिकतम प्रयोग गरी नगरक्षेत्रबाट निष्काशन हुने दैनिक १५ देखि २० टन फोहरमैला व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नगरपालिकाको फोहर व्यवस्थापन प्रणाली आज प्रयन्त परम्परागत रुपमा घरबाट सडक, सडकबाट डम्पिङ. साइटमा अव्यस्थित रुपमा अन्तिम बिसर्जन गर्ने गरिदै आइरहेको छ भने सडक सफाई तर्फ मूख्य बजार क्षेत्र, व्यापारिक, आवासीय क्षेत्रमा दैनिक दुइ पटक, दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक र पाक्षिक समय तालिका अनुसार सरसफाई सेवा उपलव्ध गराउदै आइरहेको छ । यसका लागि स साना ठेला, टैक्टर १ थान र २ थान टिपर र २८ जना सफाई कर्मचारीहरु सडक सफाई तथा नाली सफाई कार्यमा संलग्न हुदै आइरहेको छ भने वडा नं. १,२,३ र ५ मा ग्रिन एण्ड क्लिन सिटी सर्भिसेज प्रा.लि. र वडा नं.४ र १० मा क्लिन द नेपाल नामक निजी सेवा प्रदायकहरु मार्फत करीव ३००० घरपसलहरुमा शुल्कमा आधारित घरदैलो फोहर संकलन सेवा उपलव्ध गराउदै आइरहेको छ । यसै गरी बिभिन्न वडाहरुवाट समिक्षा अवधिमा ७४९ के.जी.प्लाष्टिक संकलन गरिएको थियो भने औषधिजन्य फोहर व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाइएको छ । यस आ.व.मा भुस्याहा कुकुर नियन्त्रण तर्फ १९४ कुकुर मार्ने काम भएको छ ।

यसै गरी ENPHO को सहकार्यमा वडा नं.७ को स्मृति वनदेवी र वडा नं.१० को न्युरनी टोललाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएको छ भने १० वटा टोलहरुलाई दिसा नियन्त्रित क्षेत्र घोषणाका लागि सर्वेक्षण लगायत प्रारम्भिक चरणको कार्यक्रमहरु सम्पन्न भएका छन । सदा झै यस वर्ष पनि ३९औ. बिश्व वातावरण दिवसको अवसरमा नगरपालिकाले टोल बिकास संस्था, बिद्यालय, सामाजिक संघसंस्था, नागरिक समाज, सरकारी तथा गैरसरकारी संस्थाहरुको सहभागितमा वृहत र्‍याली सहित बिश्व वातावरण दिवस मनाइएको थियो भने सोही अवसरमा नगरक्षेत्रभित्र कालो प्लाष्टिक झोला बिरुद्ध प्रतिवन्धको



बिश्व वातावरण दिवस र कालो प्लाष्टिक झोला प्रतिवन्ध र्‍यालीको झलक

घोषणा गरिएको थियो र उपस्थित सवैले कालो प्लाष्टिक झोला बिरुद्धको अभियानामा सकृय सहभागी हुने प्रतिवद्धता जाहेर गरेका थिए ।

**नगरपालिका क्षेत्रीय अध्ययन केन्द्र (Municipal Regional Learning Centre RLC) तर्फ**



बिबिध भू भौगोलिक परिवेश भएका नगरपालिकाहरुले गरेका सफल तथा असफल कामहरुबाट क्षेत्रका अन्य नगरपालिकाहरुलाई लाभान्वित गर्ने गराउने साझा मंचको रुपमा सन् २००४ मा स्थापना भएको नगरपालिका क्षेत्रीय अध्ययन केन्द्र हेटौडामा यस क्षेत्रका १० नगरपालिकाहरु आवद्ध रहेका छन । आपसी अनुभवहरुको आदान प्रदानबाट नगरपालिकाहरुले अवलम्बन गर्दै आइरहेको प्रक्रिया वा कार्यविधिमा सुधार गरी समग्र नगरपालिका मार्फत सेवाग्राहीमा प्रवाह गर्ने सेवालाई प्रभावकारी बनाउने र सुशसानको प्रत्याभूत गर्ने काममा सघाउ पुऱ्याउने उद्देश्यले स्थापना भएको क्षेत्रीय अध्ययन केन्द्रले समिक्षा अवधिमा केन्द्रको आयोजना तथा कलैया नगरपालिकाको व्यवस्थापनमा सम्पर्क व्यक्तिहरुको वैठक र केन्द्रको निर्देशिका परिमार्जन सम्बन्धी गोष्ठी, रत्ननगर नगरपलिकाको व्यवस्थापनमा न्युनतम शर्त तथा कार्यसम्पादन मापन सम्बन्धी अनुभव आदानप्रदान कार्यशालागोष्ठी र कमलाम नगरपालिकाको व्यवस्थापनमा केन्द्रको वार्षिक साधारण सभा र टिम विल्डिड. सम्बन्धी कार्यशाला, मलंगवा नगरपालिकाको व्यवस्थापनमा एकिकृत सम्पत्तिकर सम्बन्धी अनुभव आदान प्रदान गोष्ठी, हेटौडा नगरपालिकाको व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी सम्बन्धी अनुभव आदान प्रदान गोष्ठी, भरतपुर नगरपालिकाको व्यवस्थापनमा आवधिक योजना तर्जुमा तथा टोल संस्था परिचालन सम्बन्धी अनुभव आदान प्रदान गोष्ठीको आयोजना गरिएको थियो भने केन्द्रको कामलाई थप प्रभावकारी र व्यवस्थित बनाउन केन्द्र र जर्मन बिकास सेवा वीचको साझेदारीबाट प्राप्त जर्मन स्वयमसेवकलाई १० वटै आवद्ध नगरपालिकाहरुका राजनीतिक संयन्त्रका पदाधिकारीहरु समेतको सहभागितामा केन्द्र सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएका छन ।

समिक्षाको क्रममा जर्मन प्राविधिक सल्लाहकार डा.विल्मा मोहरको तर्फबाट आफ्नो दुइ वर्षे कार्यकालमा गरिएका सिकाईहरु र समग्र नगरपालिकाको कार्यसम्पादनलाई सुधार गर्न निम्न सुझावहरु प्रस्तुत गरिएको थियो ।

- राजनीतिक दल वा कर्मचारीहरुले वालश्रम प्रयोग नगरी वालश्रममुक्त शहर निर्माणका लागि आचार संहिता लागु हुनु पर्ने,
- हाम्रो नगर सफा नगरको लागि राजनीतिक दल वा कर्मचारीहरुको लागि आचार संहिता लागु हुनु पर्ने,
- वैठक, अन्तरक्रिया तथा छलफल गर्दा सके सम्म श्रव्य दृष्य सामाग्रीहरुको प्रयो गर्ने सस्कारको बिकास गर्नु पर्ने,
- आम नगरवासीहरुमा हाम्रो नगरपालिका भन्ने भावना जागृत गर्न बिभिन्न कार्यक्रमहरु संचालन गरिनु पर्ने,
- समावेसी योजना बिशेषत महिलाहरु लक्षित कार्यक्रमहरु तर्जुमा हुनु पर्ने

## ५.४ योजना कार्यान्वयन तथा पूर्वाधार बिकास महाशाखा

नगरपालिकाको स्वीकृत प्रशासकीय संगठन संरचना अनुसार कार्यकारी अधिकृतको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्ने यस योजना कार्यान्वयन तथा पूर्वाधार बिकास महाशाखामा अधिकृतस्तर सातौ तह प्राविधिक (इन्जिनियर) १, प्राविधिक अधिकृत छैठौ तह (इन्जिनियर) २, सहायकस्तर पाचौ तह (जु.ई).४, सहायकस्तर पाचौ तह वरिष्ठ सहायक.तथा अन्य गरी जम्मा ३४ जना कर्मचारीहरु कार्यरत छन । आ.व.२०६७०६८ मा यस महाशाखाबाट भएको कार्य प्रगतिस्तर निम्न बमोजिम रहेको छ :

### पूर्वाधार बिकास तर्फ

हेटौंडा नगरपालिकाको पन्ध्रौं नगर परिषदबाट स्वीकृत नगरको बिभिन्न वडाहरूमा संचालन गरिने योजनाहरूका लागि बिनियोजन गरिएको बजेट कार्यान्वयनको सन्दर्भमा आ.ब. २०६७/२०६८ को अषाढ मसान्त सम्म संचालित बिकास निर्माणका योजनाहरूको संख्या १८६ वटा रहेको देखिन्छ । **कालोपत्रे सडक तर्फ** १३ वटा योजना रहेकोमा १३ वटा योजना सम्पन्न, **कंक्रिट सडक निर्माण तर्फ** २८ वटा योजना मध्ये १८वटा सम्पन्न भै १० वटा चालु अवस्थामा रहेको , **ग्रेभलिङ्ग तथा ढुङ्गा बिछाउने एवं कच्चि सडक निर्माण तर्फ** ६५ वटा योजना  मध्ये ४६ वटा सम्पन्न भै १९ वटा चालु अवस्थामा रहेको, **भू-क्षय तटवन्धन तथा खहरे नियन्त्रण तर्फ** ९ वटा योजना मध्ये ६ वटा योजना सम्पन्न ३ वटा चालु अवस्थामा रहेको, **विद्यालय तर्फ** २० वटा योजना सम्पन्न, **सरसफाई तर्फ** ३ वटा योजना सम्पन्न, **खानेपानी तर्फ** १० वटा योजना मध्ये ४ वटा योजना सम्पन्न भै ६ वटा योजना संचालनमा रहेको, सिंचाई तर्फ ४ वटा योजना मध्ये २ वटा योजना सम्पन्न भै २ वटा संचालनमा रहेको ढल तथा नाली निर्माण तर्फ ८ वटा योजना मध्ये ४ वटा सम्पन्न भै ४ वटा संचालनमा रहेको , **कर्लभट निर्माण तर्फ** १ वटा योजना संचालनमा रहेको र **विविध निर्माण तर्फ** २५ वटा योजना मध्ये १७ वटा सम्पन्न भै ८ वटा चालु अवस्थामा रहेका छन् ।

यस अवधीमा न.पा.को आफ्नो कोषको अलावा स्थानीय शासन तथा समुदाय बिकास कार्यक्रम LGCDP, नगरपालिका कोष, LDF एलडिएफ, जगेडाकोष,कृषि सडक, सडकवोर्ड र सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत योजनाहरू सञ्चालनमा रहेका छन् । कुल ल.ई. रू ११,३१,३४,६७४।९० मा सम्झौता अनुसार न.पा.वाट नगद रू ७,१७,९१,८४३।०६ जिन्सी रू.२६,३२२।९५, उपभोक्ताबाट नगद रू.१,६३,७९,१२३।२० र श्रमदान २,३३,२१,४९७।३० लागत ब्होरीने गरी योजनाहरू संचालित भएका छन् । यस आ.ब.को अन्त सम्ममा न.पा. बाट नगद  र जिन्सी गरेर रू ७,४४,००,४१०।६६ खर्च भपएको छ भने श्रमदान वाहेक रू.१,४१,२३,७८२।७२ वरावरको दायित्व सरेको छ । यस अवधिमा कालोपत्रे सडक ७,१९८ मिटर र कंक्रिट सडक ५,५७३।७० मिटर निर्माण भएको देखिन्छ । संचालित १८६ वटा योजनाहरू मध्ये १३३ वटा योजना सम्पन्न भै सकेको र ५३ वटा चालु अवस्थामा रहेका छन् भने यस वर्ष सञ्चालित योजनावाट १,०४,२६९ जना नागरिकहरू लाभान्वित भएका छन् ।

क्रमागत योजना तर्फ रू.१०,५३,६६,३४०।८८ को योजनाहरू जिम्मेवारी सरी आएकोमा श्रमदान वाहेक रू.१५,३८,२००।९८ भूक्तानी जान वांकी रहेको छ भने फरफारक तर्फ ल.ई. रू.८,२७,९०,०४०।४७ को का.स.रू.६,९८,८१,२१६।९८ र फरफारक अंक रू. ५,९२,८८,२५८।९२ रहेको छ । त्यसै गरी चालु आ.व.मा क्रमागत आयोजनाहरुका लागि रु.६,०४,५८,३९०।६८ रकम भुक्तानी भई रु.१,६८,९०,४२७।७८ भुक्तानी हुन वांकी रहेको छ । विगत तथा चालु वर्ष समेत गरी जम्मा १२५

आयोजनाहरु फरफारख भई ल.ई.अंक रु.७,५४,६६,२९३।८० को फरफारख रकम रु. ६,८६,४८,५५०।६९ रहेको छ ।

**घरनक्सा इजाजत व्यवस्थापन तर्फः**

प्रचिलत ऐन कानूनको अधिनमा रही घरनक्सा इजाजत व्यवस्थापन, अनुगमन तथा कारवाही गर्ने गराउने र सडकबत्तिको व्यवस्थापनलाई व्यवस्थित काम गर्ने तर्फ समिक्षा अवधिमा नगरका ११ वटै वडाबाट कूल ६५९ नक्सा इजाजतका लागि नगरपालिकामा दर्ता भएकोमा ६०९ थान घरनक्सा इजाजत जारी भएको अवस्था छ जुन प्रतिशतको हिसावले ९२ प्रतिशत हुन आउछ । संख्याको आधारमा ४ नं.वडामा सवै भन्दा वढि १७४ थान भवन निर्माणका लागि इजाजत माग भएकोमा समिक्षा अवधिमा १७२ थान इजाजत जारी गर्न सफल भएको छ भने सवै भन्दा कम वडा नं.३ देखिन्छ जहां कूल ७ घरनक्सा दर्ता भएकोमा ७ थान मात्र भवन निर्माण इजाजत जारी भएको देखिन्छ । त्यसै गरी नक्सा नामसारीको आधारमा पनि वडा नं.४ नै अगाडी देखिन्छ जहा समिक्षा अवधिमा नामसारी भएको कूल ४५ घरनक्सा मध्ये १२ घरनक्सा वडा नं. ४ को रहेको छ  भने वडा नं.५ दोश्रो स्थानमा रहेको छ ।

नगरपालिकाले सुरक्षित आवासका लागि २०६७ माघ १ गते देखि राष्ट्रिय भवन संहिता (National Building code NBC) लागु गरेको छ । प्लटि□ इजाजत तर्फ समिक्षा अवधिमा स्वीकृत भएको कूल १३ प्लटि□ मध्ये वडा नं.४ मा २ वटा, वडा नं.५ मा ३ वटा, वडा नं.९ मा ४ वटा र वडा नं.११ म ४ वटा रहेका छन भने वडा नं. १, २, ३, ६,७,८ र १० मा कुनै प्लटि□ स्वीकृति लिएको देखिदैन । यस हिसावले यस बर्ष नगरपालिका क्षेत्रभित्र शहरीकरणको गति वडा नं.४,५,९ र ११ मा अत्याधिक रुपमा बढिरहेको देखिन्छ ।

यसै गरी सडक बत्ति व्यवस्थापन तर्फ हाल नगरपालिका क्षेत्रभित्र रहेका कूल ४,३५८ बिद्युतीय पोलहरु मध्ये करीव १,३८५ थान सडकबत्ति बल्ने गरेको देखिन्छ जसमा १,०७४ थान साधारण वल्व र ३११ थान ट्युवलाइट बल्ने गरेको देखिन्छ भने समिक्षा अवधिमा सडकबत्ति मर्मतका लागि कूल ५ लाख ८६ हजार ३७६ रुपैया खर्च भएको छ ।

**शहरी तथा वातावरणीय सुधार परियोजना** Urban and Environment Improvement Project UEIP/ADB: **तर्फ**

शहरी क्षेत्रमा देखापरेका विभिन्न किसिमका वातावरणीय समस्यालाई न्यून गर्ने उद्देश्यले नेपाल सरकार र एशियाली विकास बैंक बीच २०६० साल असार ६ गते भएको ऋण सम्झौता अनुसार शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत हेटौंडा नगरपालिकामा २०६० आश्विन १५ देखि शहरी तथा वातावरणीय सुधार परियोजना लागू भएको हो । विशेष गरी बढ्दै गएको शहरीकरण र त्यसभित्रका वातावरणीय दृष्टीकोणले अन्य शहरी क्षेत्रले भोग्दै गएको समस्यालाई मध्य नजरगरी भविश्यमा त्यस प्रकारका वातावरणीय दृष्टीकोणबाट हुने मानवीय क्षतिलाई न्यून गर्नका लागि यस परियोजनाको आवश्यकता महसुस गरी नेपालले ADB को ऋण एवं अनुदान सहयोगमा यो परियोजना कार्यान्वियनमा आएको हो ।

**परियोजनाले लिएको उदेश्य :**

१. सम्बन्धित नगरपालिकाको संस्थागत विकास तथा सबलिकरण गर्ने ।

२. नगरको भौतिक पूर्वाधार विकास गरी वातावरणीय पक्षमा सुधार गर्ने ।

३. स्थानीय समुदाय तथा सामाजिक संघसंस्था तथा निजी क्षेत्रलाई शहरी पूर्वाधार विकास तथा सार्वजनिक सेवा पुर्याउने कार्यमा समावेश हुन सक्रिय तुल्याउने ।

४. आर्थिक रूपले विपन्न तथा पिछडिएका वर्गका हितलाई विशेष ग्राहयता दिदै ती वर्गलाई विकासको मूल प्रवाहमा समाहित गर्दै नगरको आर्थिक विकासमा टेवा पुर्याउने ।

यी उद्देश्य हासिल गर्नका लागि नगरपालिकामा परियोजनबाट यस आ.ब.२०६७/०६८ सम्ममा परियोजना अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरू सम्पन्न भएका छन ।

**Component – A**

**क. नगरपालिकाको संस्थागत सुदृढीकरण र राजश्व परिचालन तालिम कार्यक्रमः**

संस्थागत सुदृढीकरण र राजश्व परचालन सम्बन्धी थप प्रस्ताव परिमार्जन गरी PCO/ADB बाट स्वीकृत प्राप्त भई तपसिल बमोजिमका कार्यक्रमहरू सम्पन्न भएका छन ।

1. Support Program for Revenue generation Activities
2. For up dating & strengthening of building permit section
3. Implementation of urban base map & Municipal GIS
4. Support program for house numbering unit

यस अन्तर्गत GIS प्रविधिमा आधारित यस नगरको Digital Urban Map को तयारीका साथै राजश्व परिचालन तथा शहरी योजना तर्जुमामा बिशेषतः घर नक्सा पास जस्ता कामहरू आवद्ध गर्ने कार्यको थालनी र नगरमा हाल भएको परिवर्तनहरूलाई समेटिने गरी Urban Map लाई Update गर्ने कार्य सम्पन्न भएका छन । नगरपालिकाको website तयार भई सकेको तथा कार्यालयको सम्पूर्ण शाखाहरूलाई Net Working मा आबद्ध गर्ने कार्य सम्पन्न भएको छ । Metric System मा आधारित House Numbering कार्य वडा नं. ३ र १० गरी २ वटा वडाहरूमा Piloting कार्यको रूपमा House Numbering गर्ने सम्पन्न भएको छ । GIS Unit लाई एक महिना कार्यगत तालिम दिईएको र GIS Unit का एक जना कर्मचारीलाई १५ दिने GIS Training मा सहभागि गराईएको, आवश्यक कम्प्यूटर एवं उपकरणहरू खरिद भई सकेको र राजश्व परिचालन एवं एकिकृत सम्पत्तिकर सम्बन्धी अवलोकन भ्रमण सम्पन्न भएका छन ।

**Component - B**

**शहरी वातावरणीय पूर्वाधार निर्माण :**

**क. सरसफाई तथा फोहरपानी व्यवस्थापन** -यस परियोजनामा विशेषगरी मुख्य बजार क्षेत्रमा ढल निर्माण गर्ने कार्य रहेको र ३ वटा Sub system को CTCE/Kalika Jv, Kathmandu ले कार्य सम्पन्न भएका छन ।

**कर्रा सवसिष्टम** - वडा नं. २, ३, ४ र ५





**राप्ति-१ सवसिष्टम** -वडा नं. १०

**राप्ति-२ सवसिष्टम** - वडा नं. १ र १०

हालसम्म १३.६० कि.मी. ह्यूम पाईप राख्ने काम भई सकेको, रोड मर्मत कार्य ११ कि.मी., मेन होल २९८ वटा, सिवेर ईनलेट ४५२ वटा, रेन ईनलेट ५३ वटा र ओभर फ्लो स्ट्रक्चर ५ वटा निर्माण कार्य सम्पन्न भएको छ ।

**ख. फोहरपानी प्रशोधन केन्द्र निर्माण** -मुख्य बजार क्षेत्रका ढलबाट निस्कासन हुने फोहर पानीलाई जैविक प्रविधीबाट प्रशोधन गरी सफा पानी मात्र नदी/खोलामा खसालिने योजना अनुसार मूख्य बजार क्षेत्रको ढललाई ३ वटा Subsystem मा विभाजन गरिएको छ ।

- कर्रा सवसिष्टम
- राप्ति-१ सवसिष्टम
- राप्ति-२ सवसिष्टम

यस परियोजना अन्तर्गत होरिजन्टल फ्लोवेड ३ वटा, भर्टिकल फ्लोवेड १ वटा, सेटलिङ्क ट्यांक ३ वटा, सलज डाइङ्ग बेड ३ स्थानमा र गार्ड हाउस दुई स्थानमा निर्माण भएका छन ।

**ग. सरसफाईका लागि गाडी एवं यन्त्र उपकरण** -नगरपालिकामा रहेका सरसफाई सम्बन्धी उपकरणहरू प्रयाप्त मात्रामा नभएका कारण समयमा फोहर उठाउन कठिन भइरहेको हुदां यसमा सुधारका लागि फोहर उठाउने एवं ढल सफा गर्ने यन्त्र, संस्थागत सुदृढिकरका लागि कम्प्यूटर लगायतका उपकरणहरू थप गर्न कम्प्यूटर एवं सो सम्बन्धी यन्त्रहरू खरीद गरि यस सम्बन्धी कामलाई थप प्रभावकारी बनाइएको छ । साथै जेटिङ्ग मेसिन, डिसिल्टीङ्ग मेसिन, टिपर, ट्याक्टर, सक्सन पम्प जस्ता उपकरणहरू संचालनमा ल्याइसकेको छ ।

**घ. खानेपानी व्यवस्थापन** -बढदो शहरी करणका कारण हाल वितरित खानेपानी अपर्याप्त हुदै गईरहेको र दिनप्रतिदिन मुहान प्रदुर्षित बन्दै गईरहेको सन्दर्भमा सफा पानी नगरवासीलाई उपलब्ध गराउन निम्न खानेपानीको अयोजनाहरू सम्पन्न भई खानेपानी वितरण समेत थालनी भइसकेको छ ।

- **मुख्य बजार क्षेत्र सवसिष्टम** -हु.प्र. चौर, हेटौंडा -४ मा बोरिङ्ग सहित ४५० घन मीटर क्षमताको आर.सी.सी.ओभर हेडटंकीको निर्माण काय, गार्ड हाउस/जेनेरेटर हाउसको निर्माण कार्य सम्पनन भई वितरण गर्ने कार्य समेत सुरू भइसकेको छ । हरिकुञ्जमा ५०० घन मीटर क्षमताको आर.सि.सि.टंकी, पम्प हाउस, जेनेरेटर हाउस, तथा water treatment Plant, सामरीमा Infiltration Gallery, Generator House को मर्मत कार्य र Protection कार्य सम्पन्न भएका छन ।
- **लामसुरे क्षेत्र सवसिष्टम** -४५० घन मीटर क्षमताको आर.सी.सी. ओभर हेडटंकीको निर्माण कार्य, गार्ड हाउस/जेनेरेटर हाउसको निर्माण भएका छन ।
- **कमाने क्षेत्र सवसिष्टम** -गार्ड हाउस/जेनेरेटर हाउस ।

- **चौघडा क्षेत्र सवसिष्टम** - माथिल्लो गौरीटार, हेटौंडा -६ मा बोरिङ्ग सहित २०० घन मीटर क्षमताको आर.सी.सी. ओभर हेडटंकी, गार्ड हाउस/जेनेरेटर हाउस निर्माण भएका छन ।

**Component – C**
**थप शहरी सेवा सुविधा :**
**क. राजश्व अभिबृद्धि सम्बन्धी :**

**१) मासु बजार** -बजारमा यन्त्रतन्त्र छरिएर बसेका मासु पसलहरूलाई एकत्रितरूपमा संचालन गर्नका लागि हेटौंडा बसपार्क क्षेत्रमा एकिकृत मासु बजारको निर्माण कार्य सम्पन्न भएको छ ।

**२) तरकारी बजार** -हाल बसपार्क क्षेत्रमा भईरहेको तरकारी बजारलाई व्यवस्थित गर्ने उद्देश्यले निर्माण गर्न लागिएको व्यवस्थित तरकारी बजारको निर्माण निर्माण कार्य सम्पन्न भएको छ ।

**ख. साना सामुदायिक शहरी सुविधा :**

**१) बच्चाहरूका लागि पौडी पोखरी (Recration Pool for Children)** -विशेषत बच्चाहरूको स्वस्थ्य एवं शारिरिक विकास तथा मनोरञ्जनलाई लक्षित गरी हेटौंडा -११, सहीद स्मारक क्षेत्रमा पौडी पोखरीको निर्माण कार्य सम्पन्न भएको छ ।

**Component - D**
**समुदायिक विकास कार्यक्रम :**

समुदाय बिकास तर्फ विभिन्न प्रकारका तालिम, जनचेतना जगाउने कार्यक्रमहरू, सरसफाई सम्बन्धी विभिन्न कार्यक्रम, तालिम, गोष्ठी सम्पन्न भएका छन । यस्तै अन्य आय आर्जन मूलक कार्यक्रम र शहरी सुविधा सम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका छन ।

**५.५ सामाजिक बिकास महाशाखा:**
नगरपालिकाको स्वीकृत प्रशासकीय संगठन संरचना अनुसार कार्यकारी अधिकृतको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही सामाजिक बिकासको क्षेत्र अन्तर्गत समुदाय बिकास, लक्षित क्षेत्र बिकास, गरिवी न्युनिकरण, समाज कल्याण तथा साझेदारी बिकासका क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भएको सामाजिक बिकास महाशाखा अन्तर्गत समाज कल्याण शाखा, समुदाय बिकास तथा साझेदारी बिकास शाखा र सो मातहत लक्षित क्षेत्र बिकास र समाज कल्याण, समुदाय बिकास र साझेदारी बिकास उपशाखा क्रियाशील रहेका छन । यस महाशाखा अन्तर्गत साझेदारी बिकास कोष, साझेदारी प्रर्वद्धन समिति लगायत टोल बिकास समिति समन्वय समिति, वातावरण सुधार समन्वय समिति, महिला स्वास्थ्य स्वयम सेविका, आमा समुह जस्ता यस अन्तर्गत गरिवी न्युनिकरण कार्यक्रम, लक्षित क्षेत्र बिकास कार्यक्रम तथा सामाजिक सुरक्षा कार्यक्रमहरु संचालनमा रहेका छन । यस शाखाको कामलाई व्यवस्थित गर्न अधिकृतस्तर सातौ तह प्रवन्धक १, अधिकृतस्तर छैठौ तह २, सहायकस्तर पाचौ तह ४ र अन्य सहायकस्तर गरी जम्मा ११जना कर्मचारीहरु कार्यरत छन । आ.व.२०६७।०६८ मा यस महाशाखा तथा मातहत शाखा तथा उपशाखाहरु र समितिहरु मार्फत भएका कामको प्रगतिस्तर निम्न बमोजिम रहेको छ :

**सामुदाय बिकास तथा गाउ नगर अन्तर सम्बन्ध बिकास तर्फ:**

समुदाय बिकास तर्फ आ.व.२०६७।०६८ मा १६ वटा कार्यक्रमका लागि रु. २८ लाख २५ हजार बजेट बिनियोजन भएकोमा समिक्षा अवधिमा सत प्रतिशत कार्यक्रम सम्पन्न भएतापनि बित्तिय प्रगति तर्फ

रु. १४ लाख १० हजार रकम खर्च भई ६३ प्रतिशत मात्र बित्तिय प्रगाति भएको अवस्था छ । यस अवधिमा सिप तथा आय आर्जन तालिम अन्तर्गत - बुटिक, बेकरी, बांसको हस्तकला, महिला व्यूटी पार्लर, बेसिक सिलाई, बिषधिरहित तरकारी खेती तालिम, प्लम्बिङ जस्ता २२ वटा तालिम मार्फत ५१५ लाभान्वित भएका छन । यस अवधिमा २८ गैससहरु नगरपालिकामा सूचिकृत भई १७ वटा संघसंस्थाहरुसंग सहकार्य भएको छ ।

सामाजिक सुरक्षा कार्यक्रम तर्फ समिक्षा अवधिमा जेष्ठ नागरिक (अन्य) तर्फ १३४४, दलित तर्फ ५८, एकल महिला तर्फ ८६४, आंशिक अशक्त तर्फ १०, पूर्ण अशक्त तर्फ २५ र वाल संरक्षण अनुदान तर्फ ६६ गरी जम्मा २३६७ नगरवासीहरुलाई भत्ता वितरण गरिएको छ ।

गाउं नगर वीचको अन्तरसम्बन्धको बिकासबाट शहरी गरिवहरुको आर्थिक तथा सामाजिक बिकासमा सहयोग गर्ने उद्देश्यले नेपाल सरकार र संयुक्त राष्ट्र संघीय बिकास कार्यक्रम UNDP को सहयोगमा संचालित गाउं नगर साझेदारी बिकास कार्यक्रम अन्तर्गत समुदायस्तरमा गठन भएको टोल बिकास संस्थाहरु नै नगरपालिका र समुदाय वीच कार्यक्रमलाई व्यवस्थित गर्ने आधारभूत निकायको रुपमा लिइएको छ । नगरपालिकामा दर्ता हुने यस्ता संस्थाहरु मार्फत नै वचत संकलन तथा परिचालन, साना साना पूर्वाधार बिकास कार्यक्रमहरु संचालन, वातावरण संरक्षण तथा अन्य क्रियाकलापहरु संचालन गर्ने कामहरु हुंदै आइरहेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रभित्र १८३ टोल संस्थाहरु तथा भिमफेदी बजार केन्द्र अन्तर्गत ७, गढी अन्तर्गत ६ र हांडीखोला बजार केन्द्र अन्तर्गत ५ गरी जम्मा २०१ वटा टोल संस्थाहरु क्रियाशील रहेका छन । यस कार्यक्रम अन्तर्गत आ.व.२०६७०६८ मा नगर क्षेत्रभित्र २७, भिमफेदीमा २०, गढीमा १७ र हांडीखोलामा ४ वटा गरी जम्मा ६८ उद्यम समुह संचालनमा रहेका छन भने यस अवधिमा १८ टोल बिकास संस्थाहरु मार्फत एकमुष्ठ १८ लाख रुपैया लगानी भएको अवस्था छ । यसरी हेर्दा यस भन्दा अगाडीको १५ लाख ४१ हजार र यस बर्षको समेत गरी कूल ३३ लाख ४१ हजार ऋण लगानी भइसकेको अवस्था छ । ऋण असुली तफ हाल सम्म नगरक्षेत्रबाट सावा रु.१३,९१,७२९।०० र व्याज रु. ८८,७३८।०० गरी जम्मा रु. १४,८०,४९७।०० असुली भएको अवस्था छ भने ग्रामिण क्षेत्रबाट सावा तथा ऋण कुनै संकलन हुन सकेको अवस्था छैन । यस कार्यक्रम अन्तर्गत रहेको साझेदारी बिकास कोष तर्फ हाल सम्मको मौज्दात बचत तर्फ रु.५७,२६,९६८।९९ र चल्ती तर्फ रु.३,७३,६६०।२५ गरी जम्मा रु.६१,००,३२०।२४ रहेको देखिन्छ भने असुली हुन वांकी ऋण तर्फ नगरक्षेत्रभित्रका १९ उद्यम समुहबाट रु.३,९४,४७२।९८, ग्रामिण क्षेत्र ( भिमफेदी बजार केन्द्र, गढी बजार केन्द्र र हांडीखोला बजार केन्द्र तर्फ ४१ उद्यम समुहबाट जम्मा रु.६,८७,५३९।२० रहेको अवस्था छ । हाल नगरक्षेत्रमा चालु अवस्थामा रहेका ८ टोल बिकास संस्थाहरुमा रु.८ लाख ३९ हजार ३८५ रुपैया चालु अवस्थामा रहेको छ । यसै गरी वीउ पूंजि अनुदान तर्फ राजधानी टोल बिकास संस्था हेटौडा ८ लाई सिचाई कार्यक्रमका लागि रु.३० हजार, गोल्फिनटार टोल बिकास संस्था हेटौडा ११ मा सामुदायिक भवन निर्माणका लागि रु.१५ हजार र हात्तिलेट टोल



बिकास संस्था हेटौडा ६ मा इनार मर्मतका लागि रु.१५ हजार गरी जम्मा ६० हजार अनुदान उपलव्ध गराइएको छ ।

**जन स्वास्थ्य प्रर्वद्धन तर्फः**

जन स्वास्थ्य प्रर्वद्धन तर्फ नगरपालिकाले वडा नं. ५,६,७,८ र ११ मा समुदायको अगुवाईमा मातृ शिसु क्लिनिक संचालनमा रहेको छ भने समिक्षा अवधिमा महिला स्वास्थ्य स्वयम सेविकाहरुले ३६ वटा खोप केन्द्र मार्फत २०६७ श्रावण २९ र ३० गते बिशेष पोलियो कार्यक्रम अन्तर्गत ९४९८ जना वालवालिकाहरुलाई पोलियो थोपा खुवाइएको थियो भने बिशेष पोलियो कार्यक्रम अन्तर्गत पहिलो चरण २०६७ माघ २९ र फागुन १ गते ७६९० जना, दोश्रो चरण ०६७ फागुन २८ र २९ गते ७५४० जनालाई पोलियो बिरुद्धको थोपा औषधी खुवाउने काम भएको छ भने जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरसंगको सहकार्यमा नगरका सवै वडाका ७ महिना देखि २ बर्ष सम्मका १२३० वालवालिकाहरुलाई वालभिटा उपलव्ध गराइएको थियो भने ४८ हजार ७७८ जना नगरवासीहरुलाई जापानिज इन्सेफलाइटिस बिरुद्धको खोप दिइएको छ ।




**गरिवी न्युनिकरण तथा लीक्षत वर्ग बिकास कार्यक्रम तर्फः**

शहरी गरिवी न्युनिकरण कार्यक्रम अन्तर्गत नगरपालिकाले गरिवी नक्सांकनको आधारमा पहिचान गरिएका गरिव वस्तीहरुमा स्थानीय प्रयासद्धारा शहरी बिकास कार्यक्रम udle/gtz र UN-Habitat समेतको सहयोग परिचालन गरी स्थानीय उपभोक्ताहरु समेतको सहभागितामा गरिवी न्युनिकरण चक्रिय कोषको स्थापना गरी लक्षित क्षेत्रहरुमा शौचालय निर्माण तथा बिभिन्न आयमूलक कार्यक्रमहरु संचालनमा ल्याएको छ । यस अन्तर्गत आ.व.२०६७०६८ मा चक्रिय कोष मार्फत पहिचान गरिएका गरीव वस्तीहरुमा ४९ वटा साधारण शौचालय निर्माण भएका छन ।

**घरेलु वालश्रम उन्मुलन तर्फः**

CWISH को सहयोगमा नगरभित्र गठन भएका वडामा वडास्तरीय वाल संरक्षण समितिको गठन, सरोकारलावाहरुसंग वालश्रम न्युनिकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन, वाल श्रमिक उद्धार तथा सहयोग, अतिरिक्त क्रियाकलाप संचालनहरु गरी वालश्रम न्युनिकरण रणनीतिक योजना तर्जुमा जस्ता कार्यहरुलाई सफलताको रुपमा लिन सकिन्छ ।

**सार्वजनिक निजी साझेदारी (Public Private Partnershop PPP) प्रर्वद्धन तर्फ**

सार्वजनकि निजी साझेदारी तर्फ समिक्षा अवधिमा खासै नयां परियोजनाहरु संचालनमा ल्याउन सकेको देखिएन भने बिगत देखि संचालनमा रहेका बिभिन्न परियोजनाहरुलाई जस्तै टोल संस्थाहरुसंगको साझेदारीमा संचालित सार्वजनिक सौचालयहरु, पार्क तथा पुस्तकालय संचालन तथा व्यवस्थापन गर्ने कार्यक्रमहरुले निरन्तरता पाएको देखिन्छ भने मकावनपुर उद्योग वाणिज्य संघसंगको साझेदारीमा संचालित व्यवसयकर तथा बिज्ञापन कर संकलन र बिभिन्न निजी साझेदारहरुसंग संचालित घरदैलो फोहर संकलन कार्यक्रमले निरन्तरता पाएको अवस्था छ भने पुष्पलाल पार्क तथा पुष्पलाल स्मृति पुस्तकालय र शवदाहस्थलमा भौतिक पूर्वाधार सुधारका बिभिन्न कार्यक्रम सम्पन्न भएका छन । यसै

गरी शहरी वातावरणका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम PPPUE/UNDP को सहयोग समेत परिचालन गरी भुटनदेवी सामुदायिक बन क्षेत्र वडा नं. १० मा निर्माणाधिन कम्पोष्ट केन्द्रको थप निर्माण कार्य सम्पन्न भएको छ भने नगरपालिकाबाट व्यवस्थापन हुदै आइरहेको सडकबत्तिको व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता सम्बन्धमा संभाव्यता अध्ययन गर्ने कार्य सम्पन्न भएको छ ।

यसका अतिरिक्त नगरपालिकामा रहेको उपकरण तथा नगरपालिका मार्फत निर्माण गरिएका भौतिक संरचनाहरुको नियमित मर्मत संभार कार्यलाई मर्मत संभार कोष मार्फत  गर्ने, एस.एल.सी.परिक्षामा सर्वोकृष्ट स्थान प्राप्त गर्ने बिद्यार्थी तथा बिद्यालयहरुलाई वासुदेव स्मृति पुरस्कार वितरण, कला संस्कृतीको संरक्षणका लागि नेवा सास्कृतिक पुचः हेटौडा लगायतका संघसंस्थाहरुलाई आर्थिक सहयोग उपलव्ध गराइएको छ भने गृहिणी शिक्षा कार्यक्रमको लागि पनि सहयोग उपलव्ध गराइएको छ ।

**६. आ.व.२०६७०६८ प्रस्ताव गरिएको तर सम्पाद हुन नसकेको मूख्य मूख्य कार्यक्रमहरु सम्बन्धी बिवेचनाः**

नगरपालिकाको १५ औं नगरपरिषदबाट स्वीकृत बार्षिक नीति तथा कार्यक्रम तथा बजेटले परिलक्षित गरेका कार्यक्रमहरु मध्ये समिक्षा अवधिमा संस्थागत क्षमता सुदृढिकरण तर्फ असहाय, अपांग, वृद्धवृद्धा लगायतको सेवा प्रवाहमा एकद्धार प्रणाली, कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन पद्धतीलाई प्रभावकारी र जवाफदेही वनाउने, वारुणयन्त्र सरसफाई तथा अन्य जोखिमयुक्त कार्यलाई आधुनिक र संयन्त्रयुक्त वनाइने, बारुणयन्त्र संचालन सम्बन्धी कार्यविधि, नगरप्रहरीको सेवा, शर्त र सञ्चालन सम्बन्धमा नगरपालिकाले विनियमावली बनाई आवश्यक व्यवस्था गर्ने, सहयोगी कर्मचारीहरुको व्यवहार परिवर्तन सम्बन्धी तालीम संचालन हुन सकेन भने बित्तिय व्यवस्थापन तर्फ करदाताहरुको बिबरण (तथ्यांक) अद्यावधिक गरी नगर सूचना प्रणालीमा आबद्ध गर्नेकार्य, सबै प्रकारका करदाताहरुलाई करको दायरामा ल्याउने कार्य, बदलिंदो कम्प्यूटर प्रबिधि र सफ्टवेयरको प्रयोगलाई निरन्तरता दिने कार्य, पेश्की फछ्र्यौट सम्बन्धी कार्य, बिज्ञापनकर संकलन कार्यलाई प्रभावकारी बनाउन सकिएन भने सवारी साधन प्रदुषण शुल्क र सरसफाई सेवा शुल्क लगाउने बिषयमा प्रयाप्त गृहकार्य हुन नसकेको कारण कार्यान्वयनमा आउन सकेन ।

यसै गरी सार्वजनिक निजी साझेदारी तर्फ PPPUE/UNDP समेतको आर्थिक रहयोगमा वडा नं. ६ मा संचालित रक्षादेवी खानेपानी आयोजना सम्पन्न हुन सकेन । बजार क्षेत्रका लागि प्रस्ताव गरिएको एकिकृत शहरी सेवा केन्द्र र वसपार्क क्षेत्रमा सौयउर्जामा आधारित सडकबत्ति जडान कार्य कार्यान्वयनमा आउन सकेन भने नगरपालका क्षेत्रीय अध्ययन केन्द्र मार्फत संचालनको लागि प्रस्ताव गरिएको उच्च शैक्षिक संस्था तथा अन्य अनुसन्धान संस्थाका अनुसन्धानकर्ता वा सोधकर्ताहरुलाई नगरपालिकाको योजना तर्जुमा र कार्यान्वयनमा सहभागि बनाउन नगरस्तरीय अनुसन्धान तथा बिकास केन्द्र City Level R&D Centre स्थापना सम्बन्धी तयारी गोष्ठी कार्यक्रम सम्पन्न हुन सकेन ।

यसै गरी शहरी योजना, अनुसन्धान तथा वातावरण तर्फ २० बर्षे दिर्घकालिन लक्ष्य सहितको आवधिक योजना सम्बन्धी काम सम्पन्न हुन नसक्नु, ल्याण्डफिल साइट तथा पशुवधशालाको लागि आवश्यक जग्गा प्राप्त गर्ने काम, एकिकृत मासु बजार संचालनमा ल्याउने काम, सशुल्क पार्कि□लाई दिगो बनापउन नसक्नु, प्रदुषणमुक्त सवारीसाधनको संचालन जस्ता कार्यक्रमहरु कार्यान्वयनमा आउन सकेन भने एकिकृत दिगो फोहर व्यवस्थापन नीति तर्जुमार कार्यान्वयन र धुलोरहित क्षेत्र स्थापना गर्ने जस्ता कार्यक्रम सम्पन्न हुन नसकेको अवस्था छ ।

**७. सवल तथा दुर्वल पक्ष र चुनौती तथा अवसरहरुः**

यसरी आ.व.२०६७।२०६८ को नीति, कार्यक्रम र बजेटको सिमाभित्र रहेर संचालन भएका कार्यक्रम तथा आयोजनाहरुको प्रगति समिक्षाको आधारमा निम्न बमोजिमका अवस्था महसुस गरिएको छ ।

**सवल पक्षहरु:**

(क) राजनीतिक दल तथा संयन्त्रवीच सामन्जस्यता तथा सहकार्यपूर्ण संस्कार
(ख) लक्ष्य, नीति, रणनीति र कार्यक्रमहरुको प्राथमिकिकरण
(ग) Team Work
(घ) लक्ष्य, नीति, कार्यक्रम अनुसार बजेटको स्पष्ट व्यवस्था
(ङ) आय व्ययको अनुमान र यथार्थता वीच सामन्जस्यता
(च) पूर्वाधार बिकास आयोजनाहरुमा उत्साहप्रद लागत सहभागिता
(छ) प्राथमिकताक्रमको आधारमा आयोजनाहरु कार्यान्वयन
(ज) कार्यक्रम तथा महाशाखा, शाखा तथा उपशाखा तहमा समन्वय र सहकार्य भावनाको बिकास
(झ) श्रोत र साधनको समुचित प्रयोग
(ञ) कार्यक्रम संचालनमा स्वदेशी तथा विदेशी दातृ निकाय तथा अन्य संघ संस्थाहरुसंग समन्वय र सहकार्य हुने गरेको
(ट) दक्ष एवं लगनशील जनशक्ति, अद्यावधिक संगठन संरचना, कार्य विवरणको विश्लेषण र वितरण,
(ठं) आवासीय तथा औद्योगिक व्यापारिक गतिविधिको बिस्तार,
(ड) क्षेत्रीय स्तरमा अगुवाइ गर्ने वातावरण,

**कमीकमजोरी:**

(क) दिर्घकालिन सोच सहितको गुरुयोजनाको आधारमा नभई बार्षिक कार्ययोजना र कार्यक्रममा सिमित रहनु
(ख) राजश्व परिचालन रणनीतिको अभावमा कर उठाएको अवस्था नभई कर उठेको अवस्था रहनु
(ग) प्रशासनिक खर्चलाई कार्यक्रम र आयोजनाहरुमा आवद्ध गरी व्यवस्थित गर्न नसक्दा प्रशासनिक खर्चको सिमा नियन्त्रणमा राख्न कठिनाई
(घ) चौमासिक रुपमा कार्ययोजना बनाई कार्यान्वयन गर्न नसक्नु
(ङ) प्रगति समिक्षालाई रिपोर्टि□मा मात्र सिमित रही लक्ष्यसंग समायोजना हुन नसक्नु
(च) नगरपालिकाको योजनालाई नगर बिकास योजना बनाउन नसक्नु
(छ) कमजोर रिपोर्टि□ र अभिलेखिकरण (Reporting & Documentation) प्रणाली
(ज) कार्यक्रम तथा आयोजनाहरु Impact oriented नभई utput Oriented management मा नै सिमित रहनु,
(झ) भौतिक र सामाजिक बिकास वीच सन्तुलित बिकास हुन नसक्नु
(ञ) निर्वाचित पदाधिकारीको अभाव,
(ट) दिगो आय श्रोत एवं श्रोत साधनको कमि,
(ड) ठूला र महत्वपूर्ण योजनाहरु सञ्चालन गर्न नसकिनु,
(ढ) साना र छरुवा प्रकृतिका योजना सञ्चालन गर्नपर्ने अवस्था,
(ण) फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइटको अभाव,
(त) मुख्य बजार क्षेत्रको पूर्वाधार मर्मत (ढल, सडक विस्तार)

(थ) उपभोक्ता समितिले आशातित भावनात्मक सहभागिता जनाउन नसक्नु,

**चुनौतिः**

(क) राज्य तथा बिकास साझेदारहरुको सहयोग नीतिमा आएको परिवर्तन
(ख) न्युनतम शर्त तथा कार्यसम्पादन मापनसंग बिकास बजेटको अन्तरसम्बन्ध
(ग) दिर्घकालिन सोच सहितको दिर्घकालिन, मध्यमकालिन र अल्पकालिन योजना तर्जुमा
(घ) लैं□कमैत्री, समावेसी, पर्यावरणीय तथा प्रकोपीय दृष्टिकोणबाट सुरक्षित तथा नागरिक मैत्री योजना, कार्यक्रम तथा आयोजनाहरुको तर्जुमा र कार्यान्वयन,
(ङ) Output Oriented management बाट Outcome/Impact oriented/Result based management

**अवसरः**

(क) केन्द्रिय सरकार तथा बिकास साझेदारहरुसंग सहकार्यका क्षेत्रहरु दिनप्रतिदिन विस्तार हुनु
(ख) दिर्घकालिन सोच सहितको गुरुयोजना तथा आवधिक योजना तर्जुमा सम्बन्धी कामको सुरुवात भएवाट लक्ष्य, अग्रणी क्षेत्रको पहिचान भई बहुक्षेत्रगत लगानी (Multi Sectoral Investment) को ठूलो संभावना
(ग) राजनीतिक दल, नागरिक समाज, बिषयगत निकाय लगायत बिकास साझेदारहरुको बिश्वास र अन्तरसम्बन्ध सुदृढ र सवल भइरहेको
(घ) कार्यालयमा बिद्यमान भौतिक सुविधाहरुमा व्यापक सुधार र प्रविधिको अत्यधिक उपयोगको संभावना र उपयुक्त कार्यवातावरण (Working Environment) को सृजना
(ङ) एकिकृत नगर क्षमता बिकास योजना तर्जुमा र कार्यान्वयन

**८. आगामी आ.व.का लागि सुधारका क्षेत्र तथा बिषय सम्बन्धी सुझावहरुः**

नगरपालिकाको स्वीकृत लक्ष्य, नीति, रणनीति र कार्यक्रमहरु तथा नगरपालिका वोर्डको नीतिगत मार्गदर्शनको आधारमा संचालन गरिएका कार्यक्रम तथा आयोजनाहरुको हाल सम्मको प्रगतिस्तर, सम्पादन हुन नसकेको कार्यक्रम तथा आयोजनाहरु, बिश्लेषणको आधारमा पहिचान गरिएका सवल तथा कमीकमजोरी, चुनौती तथा अवसरहरुको पृष्ठभूमि र आवधिक तथा वार्षिक समिक्षाको क्रममा सहभागी राजनीतिक दलका प्रतिनिधि, बिषयगत निकाय, नागरिक समाज तथा अन्य सरोकारवालाहरुबाट प्राप्त सुझाव तथा प्रतिक्रियाको आधारमा आगामी आ.व.का लागि निम्न सुझावहरु प्रस्ताव गरिएको छ :

- महाशाखा, शाखा तथा उपशाखाहरु मार्फत संचालन गरिने कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्दा स्वीकृत लक्ष्य, नीति तथा रणनीतिको भावना अनुसार कार्यान्वयन गर्नु पर्ने,
- वार्षिक कार्यक्रमलाई चौमासिक कार्ययोजना बनाई कार्यान्वयन गरी चौमासिक समिक्षासंग आवद्ध गरिनु पर्ने,
- वजार क्षेत्रको सुन्दरताको अभिबृद्धिका लागि ट्राफिक व्यवस्थापन कार्यलाई चुस्त वनाउनु पर्ने,
- आयोजना संचालनमा म्याद थप गर्नु भन्दा म्याद भित्र नै कार्य सम्पन्न गर्ने तर्फ कडाईका साथ पहल गर्नु पर्ने,
- शिक्षा क्षेत्रमा बिभिन्न निकायहरुबाट भइरहेको लगानीलाई समन्वय गर्न एकिकृत संयन्त्र निर्माण गरी कार्यक्रम छनौट, कार्यान्वयन र नियमित अनुगमन तथा मूल्यांकनको व्यवस्था गरिनु पर्ने,

- राजश्व परिचालनलाई लक्ष्य, नीति, रणनीति सहित कार्यक्रम बनाई सरोकार निकायहरुसंगको सहकार्यमा काम अगाडी बढाउनु पर्ने,
- नगर क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्थाहरुलाई अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत गर्ने कामलाई थप प्रभावकारी वनाउनु पर्ने
- योजना तजुर्मा को क्रममा स्थानीय सामाजिक संघसंस्थाको कार्यक्रमहरु सहितको योजना तर्जुमा हुनु पर्ने र कार्यान्वयनमा समेत सहभागीता रहनु पर्ने,
- गैसस क्षेत्रमा गरिने कार्यहरुमा एकद्धार प्रणाली हुनु पर्ने,
- राजश्व संकलन कार्यमा नगरपालिकाले अनुगमन प्रणालीको प्रभावकारी विकास गर्नु पर्ने,

**९. निष्कर्ष**

सफाइ अड्डाको रुपमा स्थापना भएको नगरपालिकाहरु क्रमशः स्थानीय निकाय हुदै जनताको सवै भन्दा नजिकको स्थानीय सरकारको रुपमा स्थापित हुने चरणमा पुगेको अवस्था देखिन्छ । नगरपालिकाहरुको कार्यक्षेत्र कानून कार्यान्वयन तथा नियमन वा सेवा प्रदायक र सहजकर्ता संस्थाको रुपमा दिन प्रतिदिन विस्तार भइरहेको छ भने अर्कोतिर राजनीतिक तथा बित्तीय बिकेन्द्रिकणको अवधारणा अनुसार आफ्नो भौगोलिक तथा प्रशासनिक क्षेत्रभित्र कर तथा गैरकर राजश्व पहिचान, परिचालन तथा बिनियोजन गर्ने काम समेत स्वतन्त्र रुपमा सम्पादन गर्न सफल भएका छन । परिणामतः नगरपालिकाहरुलाई एकातिर राजनैतिक तथा बित्तीय अधिकारहरु क्रमशः निक्षेपण Devolution भइरहेको छ भने प्रशासनिक अधिकारहरु प्रत्यायोजन Delegation हुदै आइरहेको देखिन्छ भने अर्कोतिर ती निकायहरुलाई नागरिकहरु प्रति क्रमशः जवाफदेही बनाउदै लगिरहेको स्पष्ट देखिन्छ ।

यसर्थ नगरपालिकाहरु अव वार्षिक तथा तदर्थ योजना, नीति तथा कार्यक्रमको आधारमा होइन दिर्घकालिन सोच सहितको गुरुयोजना, आवधिक योजना चल्नु पर्ने, पूर्वाधार अर्थात भौतिक बिकासलाई मात्र होइन भौतिक तथा सामाजिक बिकासलाई सन्तुलित रुपमा अगाडी बढाउनु पर्ने, भौतिक वा सामाजिक बिकास कार्यक्रम तर्जुमा गर्दा परिणाममा आधारित Result/Impact based, हुनु पर्ने, कार्यक्रम तथा आयोजनाहरु पर्यावरणीय तथा प्रकोपीय Dissaster and Environment दृष्टिकोणबाट मैत्री हुनु पर्ने जस्ता योजना तर्जुमाका नविनतम गतिशीलताहरु New Dimensions का साथै योजना तर्जुमाको क्रममा लैं□कमैत्री, गरीवमुखी, दलित, महिला, उपेक्षित जनजाती, पछाडी पारिएका वर्ग समेतलाई समावेसी बनाउनु पर्ने वाध्यात्मक अवस्था सृजना भएको छ । यसै गरी कार्यान्वयनको चरणमा पनि लक्ष्य सहितको सूचक Indicators तय् गर्नु पर्ने र सोही आधारमा अनुगमन र मूल्यांकन पद्धतिको बिकास जस्ता पक्षहरु पनि उत्तिकै महत्वका साथ ध्यान दिनु पर्ने अवस्था सृजना भएको छ ।

यसै गरी गत वर्ष देखि प्रचलनमा ल्याएको समिक्षा पद्धति अनुसार के काम, के कसरी, के कति परिणाममा, के कति समयसिमा भित्र, के कति श्रोतसाधनको प्रयोग गरेर के कति सेवाग्राहीमा सेवा वा वस्तु उत्पादन, वितरण वा व्यवस्थापन मार्फत के कस्तो प्रभाव वा असर दिन सफल भयो वा असफल भयो, असफल भएमा के कसको कारणबाट सो परिणाम प्राप्त भएको, त्यस्ता कार्यक्रमहरु पुन संचालन हुनु आवश्यक छ वा छैन, के कस्ता नीति रणनीति आवश्यक छ भन्ने जस्ता बहुआयामिक दृष्टिकोणबाट समिक्षा गर्ने पद्धतिको बिकास गर्नु पर्ने आजको आवश्यकता भइसकेको छ । यसै तथ्यलाई ध्यानमा राखी यस आ.व.२०६७०६८ साल देखि नगरपालिकाको काम कारवाहीलाई यसै पद्धति मार्फत समिक्षा गर्ने प्रयासको थालनी भएको छ र आगामी दिनमा अझ प्रभावकारी बनाउदै लैजानु नितान्त आवश्यक छ ।

अन्तमा यो वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने क्रममा प्रतिवेदनको लागि मूल सूचना श्रोतको रुपमा लिइएको मिति २०६८ साल श्रावण २४ गते सम्पन्न वार्षिक समिक्षा गोष्ठीमा सहभागी नगरस्तरीय राजनीतिक संयन्त्रका पदाधिकारीहरु, शाखा प्रमुखहरु, बिषयगत निकायका प्रतिनिधिहरु, पेशागत संघसंस्थाका प्रतिनिधिहरु, नागरिक समाज, संचार जगत लगायत संलग्न सवै कर्मचारीहरुमा प्रतिवेदन तयार गर्ने क्रममा पुऱ्याउनु भएको अमूल्य योगदानका लागि आभार प्रकट गर्दछु ।

धन्यवाद ।